# न्यायिक बाह्यपहुँच कार्यक्रम
# स्रोत सामग्री, २०७३

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

# न्यायिक बाह्यपहुँच कार्यक्रम
## स्रोत सामग्री, २०७३

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजु, काठमाडौं

माननीय श्री केशरीराज पण्डित, कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान
माननीय श्री राजेन्द्र खरेल, जिल्ला न्यायाधीश, ललितपुर जिल्ला अदालत
श्री राजनकुमार के.सी, कार्यक्रम व्यवस्थापक, राष्ट्रिय न्यायिक प्रतिष्ठान

**लेआउटः** श्री विष्णुबहादुर बरुवाल

**प्रकाशन प्रति** : ३०० प्रति

**प्रकाशक** : राष्ट्रिय न्यायिक प्रतिष्ठान

**प्रकाशन मिति** : २०७३, मंसिर

**मुद्रण** : फरम्याट प्रिन्टिङ्ग प्रेस

**सहयोग :**
कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम (RoLHR/ UNDP)

Empowered lives. Resilient nations.

# भूमिका

न्यायाधीश, सरकारी वकील, न्याय सेवाका अधिकृत तथा कानून व्यवसायीको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने तथा कानून र न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान तथा कानूनी सूचना प्रवाह गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ बमोजिम स्थापित यस प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै न्यायिक जनशक्तिको व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि कार्यशाला, प्रशिक्षण, प्रवचन जस्ता कार्यक्रमहरू सञ्चालनका साथै न्याय क्षेत्रका विविध विषयमा अनुसन्धान समेत गर्दै आएको छ। यसै क्रममा प्रतिष्ठानले देशको न्यायपालिकाको कार्य सञ्चालन प्रक्रिया र प्रणाली बारेमा जनसाधारणलाई अवगत गराउन अदालत र समुदाय बीच सम्वाद र सहकार्यको थालनी गरेको छ। परीक्षणका रूपमा प्रतिष्ठानले उच्च माध्यमिक तहका विद्यार्थी र शिक्षक, गा.वि.स. सचिव तथा सर्वसाधारण समक्ष न्यायिक संरचना, न्यायिक कार्यविधि, अदालतबाट प्रदान गरिने सेवा लगायत नेपालको न्याय प्रणालीको बारेमा विभिन्न स्थानमा न्यायिक बाह्यपहुँच (Judicial Outreach) कार्यक्रमको आयोजना गरेको छ।

न्यायका उपभोक्ता तथा आम नागरिकहरूलाई अदालती कार्यविधि, अदालतबाट प्रदान गरिने सेवा सुविधा र न्याय प्रणालीको बारेमा पर्याप्त सूचना प्रवाह हुन नसकेमा अदालत र समुदाय बीचको दूरी बढ्न जाने हुन्छ। न्यायपालिकाप्रति आम नागरिकलाई यथार्थ जानकारी नरहेको अवस्थामा सर्वसाधारणमा देशको न्यायपालिकाप्रतिको विश्वास बढ्न सक्दैन। न्यायपालिका प्रति जनआस्था अभिवृद्धिको लागि आम नागरिकले देशको न्यायपालिका र न्यायिक प्रक्रियाको बारेमा यथार्थ जानकारी पाउनु अनिवार्य हुन्छ।

अदालतले निष्पक्ष, छिटो छरितो र प्रभावकारी ढंगले कार्य गरिरहेको भएपनि त्यसबारे प्रभावकारी सूचना सम्प्रेषण हुन नसक्दा समुदायमा अदालत ढिलो, झन्झटिलो र सुधार हुन नसक्ने निकाय हो भन्ने भ्रम आम रुपमा रहेको पाइन्छ। नेपालको न्यायपालिकाको हकमा पनि उल्लिखित कुरा लागू हुन्छ। अदालत र न्याय प्रणाली बारे समुदायलाई जानकारी गराउने उद्देश्यले न्यायपालिकाको तेस्रो रणनीतिक योजना (२०७१/७२-२०७५/७६) मा न्यायिक बाह्यपहुँच (Judicial Outreach) तथा न्यायाधीशलाई भेटौं (Meet the

Judge) जस्ता कार्यक्रम सञ्चालन गर्ने लक्ष्य निर्धारण गरिएको र सोही अनुरूप विभिन्न तहका अदालतहरूबाट न्यायिक बाह्यपहुँच कार्यक्रम सञ्चालन भइरहेका छन्।

न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेको न्यायिक बाह्यपहुँच कार्यक्रमको सञ्चालन गर्न न्यायाधीश र अदालतका अधिकृतहरूको भूमिका महत्वपूर्ण हुन्छ। जिल्ला तथा उच्च अदालतहरूबाट न्यायिक बाह्यपहुँच कार्यक्रम सञ्चालन हुन थालेको छ। न्यायिक बाह्यपहुँच कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न र कार्यक्रममा एकरूपता ल्याउन न्यायाधीश तथा अदालतका अधिकृतहरूलाई यस सम्बन्धी प्रशिक्षण दिन आयोजना हुदै आएको छ।

यसै उद्देश्यलाई मनन् गरी न्यायिक बाह्यपहुँच कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन हुन सकोस् भन्ने अभिप्रायले यस प्रतिष्ठानले न्यायाधीश तथा अदालतका अधिकृतहरूलाई लक्षित गरी यो सामग्री तयार गरेको छ।

प्रस्तुत **स्रोत सामग्री** तयार गर्ने क्रममा प्राविधिक तथा आर्थिक सहयोग गर्ने कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम **(RoLHR/ UNDP)** का तात्कालीन राष्ट्रिय कार्यक्रम व्यवस्थापक श्री शान्तमसिंह खड्का र वर्तमान राष्ट्रिय कार्यक्रम व्यवस्थापक श्री सुदीप गौतम, न्याय क्षेत्र संयोजक श्री रत्नकाजी श्रेष्ठ तथा न्याय क्षेत्र कार्यक्रम अधिकृत श्री सुमेधा शाक्यलाई प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ। प्रस्तुत **स्रोत सामग्री** तयार गर्ने कार्यमा संलग्न रहनु हुने माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्र खरेल र प्रतिष्ठानका कार्यक्रम व्यवस्थापक श्री राजनकुमार के.सी. तथा प्रस्तुत **स्रोत सामग्री** तयारीको संयोजन तथा व्यवस्थापनमा सहयोग गर्नु हुने यस प्रतिष्ठानका रजिष्ट्रार श्री विमल पौडेललाई समेत प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ।

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

# विषय सूची

## परिच्छेद एक

### न्यायिक बाह्यपहुँच कार्यक्रमको अवधारणागत परिचय


| | | |
|---|---|---|
| १.१ | न्यायिक बाह्यपहुँच कार्यक्रमको अवधारणा | १ |
| १.२ | न्यायिक बाह्यपहुँच कार्यक्रमको अवधारणागत विकास | ५ |
| १.३ | अदालत र समुदायबीचको सम्बन्ध | ६ |
| १.४ | नेपालमा अदालत र समुदाय बीचको सम्वादको आवश्यकता तथा सान्दर्भिकता | ८ |
| १.५ | न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना र न्यायिक बाह्यपहुँच कार्यक्रम | ११ |


## परिच्छेद दुई

### न्यायिक बाह्यपहुँच सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | १५ |
| २.२ | विभिन्न देशहरूमा भएका अभ्यासहरू | १५ |
| | (क) फिलिपिन्स | १५ |
| | (ख) संयुक्त राज्य अमेरिका | १६ |
| | (ग) क्यानाडा | १८ |
| | (घ) भारत | १८ |
| २.३ | न्यायिक प्रक्रियामा पारदर्शितासम्बन्धी इस्तानवुल घोषणापत्र | १९ |
| | **सिद्धान्त ९:** न्यायपालिकाले विद्यार्थीहरूलाई न्यायिक प्रक्रियाबारे जानकारी अभिवृद्धि गर्न कार्यहरू सञ्चालन गर्नु पर्ने। | २० |
| | **सिद्धान्त १०:** अदालतले न्याय प्रणालीको भूमिका बारे सर्वसाधारणलाई प्रशिक्षित गर्ने कार्यक्रमको शुरूवात गर्ने र सहयोग गर्ने | २० |
| | **सिद्धान्त ११:** न्यायिक प्रक्रिया र फैसलाका बारेमा सर्वसाधारणलाई सूचना प्रवाह गराउन न्यायपालिकाले सञ्चार माध्यमलाई न्यायिक सूचनामा सहज पहुँच र अन्य आवश्यक सहयोगको प्रवन्ध गर्नु पर्ने। | २१ |

**सिद्धान्त १२:** न्यायपालिकाले सम्पादन गरेका कार्यमा सेवाग्राहीहरूको सन्तुष्टीको सर्वेक्षण गरी न्यायप्रणालीको गुणस्तरीयता अभिवृद्धि गर्नु पर्ने। २२


## परिच्छेद तीन

### नेपालमा न्यायिक बाह्यपहुँच सम्बन्धी कार्यक्रम सञ्चालनको रूपरेखा


| | | |
|---|---|---|
| ३.१ | कार्यक्रमबाट हासिल गर्नुपर्ने उद्देश्यहरु | २३ |
| ३.२ | कार्यक्रमको ढाँचा एवम् विधि | २३ |
| ३.३ | कार्यक्रमको लक्षित वर्गहरू | २५ |
| ३.४ | कार्यक्रम सञ्चालनका लागि संयन्त्र | २६ |


## परिच्छेद चार

### न्यायिक बाह्यपहुँच सम्बन्धी कार्यक्रम सञ्चालन तथा कार्यन्वयन


| | | |
|---|---|---|
| ४.१ | कार्यक्रमको लक्ष्य निर्धारण | २९ |
| ४.२ | कार्यक्रममा जानकारी दिने विषय निर्धारण | २९ |
| ४.३ | कार्यक्रमसम्बन्धी निर्णय गर्ने र जिम्मेवारी तोक्ने | ३१ |
| ४.४ | सहभागीहरूको छनौट | ३१ |
| ४.५ | सहभागी संख्याको निर्धारण | ३२ |
| ४.६ | कार्यक्रम सञ्चालन गरिने स्थानको छनौट | ३३ |
| ४.७ | कार्यतालिका निर्माण तथा सत्र सञ्चालनको विधि र तरिका निर्धारण | ३३ |
| ४.८ | कार्यक्रमबारे जानकारी | ३४ |
| ४.९ | कार्यक्रम खर्चको व्यवस्थापन | ३५ |
| ४.१० | कार्यक्रमको व्यवस्थापन र सञ्चालन | ३५ |
| ४.११ | कार्यक्रमको समीक्षा र प्रतिवेदन | ३६ |

**अनुसूची १** : न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना ३९
**अनुसूची २** : अदालतका नियमावलीहरुमा न्याय क्षेत्र समन्वय समितिको व्यवस्था ४५
**अनुसूची ३** : न्यायमा पहुँच आयोगको वार्षिक कार्य योजना २०७२/०७३ मा न्यायिक बाह्यपहुँच कार्यक्रमसँग सम्बन्धित कार्यक्रमहरु ४९
**अनुसूची ४** : न्यायिक प्रक्रियामा पारदर्शितासम्बन्धी इस्तानवुल घोषणापत्र ४९
**अनुसूची ५**: पुनरावेदन तथा जिल्ला अदालतले आयोजना गरेका न्यायिक बाह्यपहुँच कार्यक्रमका नमूना प्रतिवेदनहरु (नमूना) ५९

# परिच्छेद एक

## न्यायिक बाह्यपहुँच कार्यक्रमको अवधारणागत परिचय

### १.१ न्यायिक बाह्यपहुँच कार्यक्रमको अवधारणा

न्यायपालिकाको सर्वोत्कृष्टता यसलाई प्राप्त अख्तियारीको आधारमा परीक्षण हुने नभई यसबाट प्रवाह हुने सेवाको गुणस्तरीयतामा निर्भर रहने कुरा हो। सेवाको गुणस्तरीयता स्वच्छता, निष्पक्षता र वस्तुनिष्ठतामा आधारित हुने कुराहरु हुन्। न्याय प्रणाली प्रतिको विश्वास न्याय छिटो छरितो हुनुमा भन्दा न्यायिक प्रक्रियाको स्वच्छतामा बढी निर्भर छ। होइन भने कानूनी राज्यको स्थान प्रहरी राज्यले लिइसकेको हुन्थ्यो। तथापि आम नागरिकहरुमा न्यायिक ढिलाई प्रति करिब उस्तै प्रकारको असन्तुष्टि रहेको पाइन्छ। यसो हुनाको एउटा कारण न्यायिक कार्यको स्वभाव र प्रकृतिका बारेमा उनीहरुलाई बुझाउन नसकिएकोले हो भन्ने बुझ्न जरुरी छ। जनमत सर्वेक्षणले के देखाएको छ भने अदालत र न्यायिक प्रक्रिया प्रतिको बढी जानकारीसँग अदालत प्रतिको उनीहरुको आस्था अन्तरसम्बन्धित छ। राज्यका तीन अङ्ग मध्ये न्यायपालिका एउटा प्रमुख अङ्ग हो। संविधान तथा कानूनको अन्तिम व्याख्याता भएको नाताले अदालतका फैसलाहरुले लोकतन्त्रको प्रवर्द्धन मानव अधिकारको संरक्षण र नागरिक अधिकारहरुको मान्यता एवम् विकासमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ। संविधानको अभिभावक र नागरिक अधिकारको संरक्षक पनि अदालत नै हो। यस अर्थमा अदालत सर्वसाधारण जनताको आस्था र भरोसाको केन्द्र पनि हो।

न्यायपालिकाले न्याय सम्पादनको कार्य गर्दा खुला रुपमा गर्दछ। स्वतन्त्रता, निष्पक्षता र सक्षमता न्यायपालिकाका आधारभूत चरित्रहरु हुन्। एक तहको अदालतबाट कुनै त्रुटीवश न्यायमा आँच पुग्ने अवस्था सिर्जना भए पनि न्याय प्रणाली भित्रै माथिल्लो तहको अदालतबाट पुनरावलोकन हुने परिपाटी अपनाइएको हुन्छ। वास्तवमा न्यायिक कार्यको पवित्रताको संरक्षणका लागि गरिएको यही नै सर्वोत्कृष्ट पक्ष हो। तर न्यायिक कार्यका यी आधारभूत

मान्यता र प्रणालीका बारे जनसाधारणमा सही समझदारी कायम गर्न सकिएन भने सरकारका अन्य निकायबाट सम्पादन हुने न्यायिक कार्य र न्यायपालिकाबाट सम्पादन हुने न्यायिक कार्य बीच कुनै भेद छुट्याउन नसक्ने भई न्यायिक कार्यसम्पादनप्रति पनि अन्य सरकारी निकाय सरह सामान्य दृष्टिकोण बनाउनु र मत राख्नु अस्वाभाविक हुँदैन।

न्यायिक प्रक्रियाका आधारभूत मान्यता र सिद्धान्तका बारे सुसूचित गराई अदालत प्रतिको आम जनताको सम्मान र आस्था बचाइ राख्न पनि जनसाधारणसँग अदालतले अन्तरक्रिया र अन्तर संवाद गर्नु जरुरी ठानिएको छ। त्यसैले भनिन्छ - न्यायिक बाह्यपहुँच भन्नाले अदालतबाट सम्पादन हुने काम कारवाहीका बारे जनसाधारणलाई बुझाउने अदालतको योजनावद्ध प्रयास हो।

ऐतिहासिक दृष्टिले हेर्दा न्यायाधीशहरु स्वभावैले जनसाधारणको नजरबाट टाढा रहन चाहने वर्गको रुपमा परिचित छन्। अक्सर आफ्नो सन्देश प्रवाहका लागि न्यायाधीशहरु बार एशोसियसन तिर आँखा लगाउने गरेको पाइन्छ। तर आजभोली अदालत र न्यायाधीशहरु विभिन्न कोणबाट प्रत्यक्ष आक्रमणको निशाना बनिरहेका छन्। अदालतबाट भएका फैसलाहरुलाई विवादास्पद बनाउने, सामाजिक यथार्थहरुबाट टाढा रहेको भनी चित्रण गर्ने, परम्परागत शैलीबाट काम गरेको मान्ने जस्ता थुप्रै विषयहरु उठाउने गरिएको पाइन्छ। त्यसैले अदालत प्रतिको सार्वजनिक आस्था निर्माणका लागि न्यायाधीशहरु आफैले रचनात्मक भूमिका खेल्नु पर्ने आवाज बढ्दो छ।

न्यायिक बाह्यपहुँच कार्यक्रम यसै सन्दर्भमा विकसित अभ्यास पनि हो। यसका अतिरिक्त वर्तमान शताब्दीमा अदालत प्रतिको जनसाधारणको अपेक्षामा व्यापक वृद्धि भइरहेको छ। अदालत प्रतिको अपेक्षा बढ्नु भनेको अदालतको भूमिका प्रति जनसाधारणको मान्यता बढेको अवस्था पनि हो तर यसका साथै जनसाधारण प्रति अदालतको जिम्मेवारी बढेको हो भनेर पनि बुझ्नु जरुरी छ। बढ्दो जिम्मेवारीका सन्दर्भमा जनसाधारण कै बीचमा पुगेर संवाद गर्ने र आफूलाई थप परिमार्जन एवम् सुधार गर्दै लैजाने उद्देश्यले न्यायिक बाह्यपहुँच कार्यक्रमको अवधारणा विकसित हुन आएको पाइन्छ।

न्याय सम्पादनको कार्य अदालतको एक्लो प्रयासबाट मात्र सम्पादन हुने कार्य होइन। अपराध अनुसन्धानको कार्यमा प्रहरी, अभियोजनमा सरकारी वकील, प्रतिरक्षामा कानून व्यवसायी संलग्न रहेका हुन्छन्। यी सबैको उत्तरदायित्वपूर्ण भूमिकाबाट मात्र सही रुपमा न्यायको अभिव्यक्ति हुन सक्दछ। यसै गरी अदालतबाट सम्पादन हुने न्याय कानूनमा आधारित हुनुपर्छ तर कानून निर्माणको कार्य न्यायपालिकाले गर्ने नभई व्यवस्थापिकाले गर्दछ। अदालत सञ्चालनका लागि आवश्यक पर्ने बजेट लगायतका श्रोत साधनहरु कार्यपालिकाले उपलब्ध गराइदिनु पर्ने हुन्छ। अदालतबाट हुने फैसलाको कार्यान्वयनमा पनि प्रहरी जनशक्तिको उपस्थिति आवश्यक पर्ने हुन्छ। तथापि न्याय सम्पादनका सम्बन्धमा जति पनि गुनासा र आलोचनाहरु व्यक्त भएका छन् ती सबै न्यायपालिका प्रति नै लक्षित रहेको देखिन्छ।

न्यायपालिकाले आफ्नो कार्यक्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता छदैछ, साथसाथै आफ्नो कार्य वातावरण र सीमितताका बारेमा सम्बन्धित न्यायका उपभोक्तावर्गलाई बुझाउनु पर्ने आवश्यकता पनि त्यत्तिकै टड्कारो छ। न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन एउटा सामान्य नागरिकको हिसाबले स्वयम् जनसाधारणको भूमिका पनि कति महत्वपूर्ण छ भन्ने कुरा पनि बुझाउनु जरुरी छ। तर यो आवश्यकता र अवस्था प्रति हालसम्म सरकारी र गैरसरकारी तहमा समेत कुनै ध्यान पुग्न सकेको देखिएको छैन। यस परिप्रेक्ष्यमा पनि न्यायिक बाह्यपहुँच कार्यक्रमको उपादेयतालाई स्वीकार गरिएको छ।

अदालतले निष्पक्ष र व्यवसायिक रुपमा कार्य सञ्चालन गरी रहेको भए तापनि त्यसको प्रभावकारी सूचना सम्प्रेषण हुन नसक्दा सर्वसाधारणको दृष्टिकोणमा अदालत ढिलो र सुधार हुन नसक्ने निकाय हो भन्ने भ्रम रहिरहेको छ। नेपाल कै सन्दर्भमा कुरा गर्ने हो भने पनि न्यायपालिकाले रणनीतिक योजनाको कार्यान्वयन मार्फत न्यायिक सुधारको प्रयासलाई निरन्तरता दिइरहेको छ र यसको नेतृत्व न्यायपालिका आफैले लिइरहेको छ। न्याय छिटो छरितो बनाउन मुद्दा फछ्र्यौटको अवधिगत र संख्यात्मक लक्ष्य निर्धारण गरिएको छ र न्यायाधीशहरुलाई आफ्नो कार्य सम्पादन प्रति जिम्मेवार बनाइएको छ। मुद्दा व्यवस्थापन प्रणालीलाई वैज्ञानिक बनाउने, न्याय

प्रशासनको कार्यलाई सूचना प्रविधिसँग आबद्ध तुल्याउने, न्याय क्षेत्रका सरोकारवालाहरुसँगको सम्बन्धलाई सुदृढ बनाउने, न्यायमा सरोकारवालाको पहुँच अभिबृद्धि गर्न र न्यायिक बाह्यपहुँच कार्यक्रमहरु मार्फत जनसाधारणसँगको न्यायपालिकाको सम्बन्धलाई सुधार गर्ने जस्ता कार्यहरु पनि सुधार योजनामा समेटिएका छन्। न्यायको अन्तिम नतिजाको रुपमा न्यायपालिकाबाट हुने गरेका फैसलाहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउन पनि थुप्रै रणनीतिहरु पहिचान गरिएका छन्।

तर न्यायपालिकाबाट भइरहेका यी प्रयत्नहरुका सम्बन्धमा नागरिकहरुको ठूलो समुदाय सही रुपमा परिचित छैनन्। स्वयम् न्यायाधीशहरु किन सार्वजनिक पहुँच भन्दा बाहिर बस्छन् भन्ने कुरा प्रति नागरिकहरुमा जिज्ञासा छ। वास्तवमा न्यायाधीशहरु पनि ईश्वर होइनन्, यही समाजका सदस्यहरु हुन् भन्ने कुराको पनि स्मरण गराउनु आवश्यक छ। यी सबै पक्षमा शिक्षित गराउने कार्यमा न्यायाधीशहरु नै असल सन्देश बाहक हुन् भन्ने कुरा अन्तर्राष्ट्रिय स्तरमा भएका अध्ययनहरुले प्रमाणित गरेको छ। न्यायिक बाह्यपहुँच कार्यक्रमको सारभूत अवधारणा पनि यही हो।

न्यायिक बाह्यपहुँच (Judicial Outreach) कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट न्यायपालिकासँग सम्बन्धित सूचनाहरु मात्र सर्वसाधारण जनतामा प्रवाहित हुने होइन, न्यायमा उनीहरुको पहुँच पनि वृद्धि हुन जान्छ। विभिन्न कानूनी व्यवस्था र न्यायिक प्रक्रियाको समझदारीमा वृद्धि हुने हुनाले यसको प्रयोग गर्ने उनीहरुको क्षमतामा वृद्धि हुन्छ, कानून र न्याय प्रणाली प्रति उनीहरुको आत्मविश्वास बढ्छ र यस प्रति रहेको आशंका एवम् संकोच पनि हट्न जान्छ। न्यायपालिकाले पनि अझ बढी खुला, पारदर्शी र व्यवसायिक बन्ने अवसर प्राप्त गर्दछ। जनसाधारणबाट प्राप्त हुने निरन्तरको पृष्ठपोषणबाट सुधार कार्यक्रमलाई सही दिशामा केन्द्रित गर्न मद्दत पुग्दछ। यो भन्दा पनि बढी जनसाधारण र न्यायपालिका बीच आपसी सहयोग, सहकार्य र समन्वयको संस्कृति विकसित हुन गई न्यायपूर्ण समाज निर्माणको वृहत्तर लक्ष्य प्राप्तिमा सारभूत योगदान पुग्न जाने अपेक्षा गर्न सकिन्छ।

## १.२ न्यायिक बाह्यपहुँच कार्यक्रमको अवधारणागत विकास

न्यायपालिकाबाट सम्पादन हुने न्याय कानून बमोजिमको न्याय हो तथापि यसको वास्तविक वैधता जनसाधारणको स्वीकारोक्तिमा निर्भर गर्दछ। न्याय कानून बमोजिम पनि गर्नुपर्ने र जनसाधारणको लागि स्वीकार योग्य पनि हुनुपर्ने यो दोहोरो मापदण्ड पूरा गर्नु भनेको कम महत्वपूर्ण जिम्मेवारी छैन। न्याय प्रशासन प्रतिको असन्तुष्टिलाई निवारण गर्नुपर्ने सम्बन्धमा सन् १९०६ मै रस्को पौण्ड Roscoe Pound[१] ले जोड दिएका थिए। तत्कालीन अमेरिकन न्याय प्रणाली प्रतिको आम जनताको असन्तुष्टि हटाउन न्याय प्रणाली प्रतिको सुझबुझलाई बढाउनु आवश्यक छ भन्ने उनको धारणा रहेको थियो। नाथन रस्को पाउण्डको यो विचार पछि न्याय प्रशासन प्रति रहेको जनताका असन्तुष्टिहरुलाई कम गर्ने प्रयासमा न्यायपालिकामा थुप्रै सुधार कार्यक्रमहरु प्रारम्भ गरिए। प्रारम्भमा धेरै सुधार प्रयासहरु आन्तरिक व्यवस्थापन तर्फ केन्द्रित गरिए तर यतिले मात्र जनसाधारणको सन्तुष्टिको मात्रा बढेको महशुस गरिएन। खासमा यी सुधार प्रयासहरुका बारेमा जनसाधारणले थाहै पाएनन्। के वाध्यता र सीमितताको कारण मुद्दाको कारवाहीमा यति लामो समय लाग्छ भन्ने विषयमा भ्रमहरु कायमै रहे।

त्यसैले अब न्यायाधीशहरुका लागि मैले कानून बमोजिम फैसला गरेको छु वा मैले निष्पक्षतापूर्वक काम गरेको छु भनेर मात्र पुग्ने दिनहरु गए। न्यायाधीशको फैसला जनसाधारणको नजरमा पनि स्वीकार्य हुनुपर्ने, निष्पक्ष बनेर मात्र नहुने, निष्पक्ष बनेको देखिनु पनि पर्ने आवश्यकता बढेको छ। आजको एक्काइसौं शताव्दीका न्यायाधीशहरुले जनसाधारणमा न्यायपालिका प्रति रहेका अपेक्षाहरु र न्यायपालिकाले खेलेको भूमिका बीच रहेको रिक्तता (Gaps) लाई परिपूर्ति गर्ने कर्ताको भूमिका पनि खेल्नु पर्ने भएको छ। कानून समाज कै लागि हो र न्यायाधीशले कानूनको प्रयोग पनि समाज कै लागि गर्ने हो भने न्यायाधीशहरु बदलिँदो सामाजिक मूल्य र मान्यता एवम् सामाजिक आवश्यकताहरुसँग निकटरुपमा र निरन्तर रुपमा परिचित भइरहनु पर्छ। यही

---

१ **Nathan Roscoe Pound** (October 27, 1870 – June 30, 1964) was a distinguished American legal scholar and educator. He was Dean of Harvard Law School from 1916 to 1936. *The Journal of Legal Studies* has identified Pound as one of the most cited legal scholars of the 20th century)

मान्यता र आवश्यकताको पृष्ठभूमिमा न्यायाधीशहरुको परम्परागत भूमिकामा पुनरावलोकन गर्न थालियो र न्यायिक बाह्यपहुँच (Judicial Outreach) कार्यक्रम सम्बन्धी अवधारणाको विकास भयो।

**न्यायिक बाह्यपहुँच (Judicial Outreach)** कार्यक्रमको ऐतिहासिक पृष्ठभूमि तर्फ हेर्ने हो भने यसको प्रारम्भ यही मितिबाट भएको हो भनी यकिन गर्न नसकिए पनि सन् १९७० को दशक देखि यस सम्बन्धी कार्यक्रहरु सञ्चालन भएको पाइन्छ। जस्तो अमेरिकाको हवाइ राज्यमा सन् १९७० को दशक देखि हवाइको न्यायिक प्रक्रियाका बारेमा सूचना सम्प्रेषण गर्न र बुझ्ने अवसर प्रदान गर्ने उद्देश्यले The King Kamehameha v Judiciary History Center को स्थापना भएको पाइन्छ जसको औपचारिक उद्घाटन सेप्टेम्वर १२, १९८९ मा भएको थियो। सन् १९८२ मा समुदायमा विद्यमान कानूनी समस्याहरुमा छलफल चलाउने उद्देश्यले न्यूयोर्कमा Legal Outreach स्थापना भएको पाइन्छ।अमेरिकन बार एशोसियसनले सन् २००७ मा New Model Code of Judicial Conduct पारित गरी न्यायिक बाह्यपहुँचलाई न्यायिक कार्यको रुपमा परिभाषित गरी Judicial Outreach Network Committee स्थापना गरेको छ।अहिले अमेरिका अष्ट्रेलिया लगायत धेरै देशहरुमा विभिन्न नामबाट यो कार्यक्रम सञ्चालन भइरहेको पाइन्छ।

## १.३ अदालत र समुदायबीचको सम्बन्ध

न्यायिक बाह्यपहुँच कार्यक्रम भनेको अदालत र समुदाय बिचको सहकार्य हो। सहकार्य भनेको अदालत र समुदायबीचको सम्बन्धको स्थापना र बृहतस्तरको साझेदारी हो। यसका लागि दीर्घकालीन संयन्त्र तथा अदालत र समुदाय बीचको सम्वाद र सहयोगका ढाँचाहरू निश्चित हुनुपर्दछ। न्याय प्रणाली, न्यायिक कार्यविधि र प्रक्रिया तथा अदालतले प्रदान गर्ने सेवाहरूका बारेमा जनसाधारणलाई सुसूचित गराई अदालत प्रतिको आम जनताको सम्मान र आस्थाको अभिवृद्धि गर्न जनसाधारणसँग अदालतले विभिन्न कार्यक्रमहरू मार्फत सम्बन्ध र सहकार्य स्थापित गर्नुपर्दछ। यस अर्थमा न्यायिक बाह्यपहुँच कार्यक्रम भन्नाले अदालतबाट सम्पादन हुने काम कारवाही बारे जनसाधारणलाई बुझाउने अदालतको योजनाबद्ध प्रयास हो।

न्यायपालिकाको काम कारवाही संसार भरि नै आलोचना मुक्त भने छैन। ढिलो न्याय हुनु, फैसला समयमा कार्यन्वयन नहुनु, गरिव, महिला असहाय तथा बञ्चितीकरणमा परेका समुदायको लागि न्यायमा सहज पहुँच नहुनु, न्याय महंगो हुनु जस्ता जनगुनासो न्यायपालिकाले व्यहोरिरहेको छ। कानूनी र कार्यविधिगत जटिलता, अदालतमा श्रोत साधनको कमी, अनुसन्धान र अभियोजनामा हुने त्रुटि तथा अदालत तथा सर्वसाधारणबीच रहेको सम्वादहीनता, न्याय प्रणालीप्रति रहेको सर्वसाधारणको अनभिज्ञता, न्यायिक सूचना प्रवाहमा कमी र गलत सूचना प्रवाहका कारण पनि न्यायपालिकाको छवि नकारात्मक देखिएको वास्तविकतालाई नकार्न सकिदैंन।

अदालतले प्रभावकारी तथा व्यावसायिक रूपमा सक्षम न्याय सम्पादन गरिरहेको भए पनि त्यसको प्रभावकारी सूचना सम्प्रेषण हुन नसक्दा सर्वसाधारणको दृष्टिकोणमा अदालत ढिलो र सुधार हुन नसक्ने निकाय हो भन्ने भ्रम परिरहेको हुन्छ। नेपालकै सन्दर्भमा कुरा गर्ने हो भने पनि रणनीतिक योजनाको कार्यान्वयन मार्फत न्यायिक सुधारको थालनी र नेतृत्व अदालत आफैले गरेको छ। मुद्दा फर्छ्यौटको लक्ष्य निर्धारण गरिएको छ। न्यायाधीशहरूलाई आफ्नो कार्य सम्पादनमा जिम्मेवार बनाइएको छ। मुद्दा व्यवस्थापन, अदालतमा सूचना प्रविधिको प्रयोग र न्याय क्षेत्रका सरोकारवालाहरूसँगको सुदृढ सम्बन्ध स्थापित गर्ने जस्ता कार्यहरू मार्फत न्यायिक सुधारका प्रयासहरू भएका र तिनीहरूको सकारात्मक नतिजा देखिएका पनि छन्। सार्वजनिक सरोकारका विवाद निरूपण गर्दै सर्वोच्च अदालतले वातावरण संरक्षण, महिलाको हक, महिलाको प्रजनन स्वास्थ्य, बालबालिकाको अधिकार, सामाजिक न्याय, मानव अधिकार, समावेशिकरण, कानूनको शासनको स्थापना, प्रजातन्त्रको सुदृढीकरण, संविधानवादको विकास, न्यायमा पहुँच जस्ता सर्वसाधारणको प्रत्यक्ष सरोकार र राष्ट्रिय महत्वका विषयमा धेरै सकारात्मक निर्णयहरू गरेको छ। तर यति धेरै सकारात्मक काम गर्दागर्दै पनि नेपालको न्यायपालिका पनि आलोचना मुक्त किन छैन? भन्ने गम्भीर कुरा हाम्रो अगाडि छ।

आधुनिक न्याय प्रशासनको मुख्य उद्देश्य न्यायका उपभोक्ताहरूको सार्वजनिक सन्तुष्टि लाई अभिवृद्धि गर्नु हो। त्यसकारण अदालतप्रतिको

जनविश्वासलाई बढाउनु अदालत व्यवस्थापनको मुख्य लक्ष्य हुनु पर्दछ, जसको प्राप्ति समुदायसँगको सहकार्यबाट मात्रै सम्भव छ। न्यायाधीशले न्याय सम्पादन गर्दा आफूलाई समुदायबाट पूर्णतया अलग राखेर काम गर्ने शैली परम्परागत शैली हो। यसो गर्दा समुदायले अदालतहरूलाई हेर्ने दृष्टिकोण कस्तो रहेको छ भनी बुझ्न सकिन्न र समुदायको अदालतलाई बुझ्ने दृष्टिकोण नकारात्मक र आलोचनात्मक रहन सक्छ। तसर्थ अदालतले समुदायलाई उनीहरूले बुझ्ने भाषामा न्याय प्रणाली, न्यायिक कार्यविधि, अदालतले प्रदान गर्ने सेवा आदिको बारेमा सूचना प्रवाह गर्नु पर्दछ, जसबाट समुदाय र अदालतबीच सम्वादहीनताको अन्त हुनुका साथै अदालतलाई यथार्थ रूपमा बुझ्ने र अदालतप्रति सकारात्मक सोच राख्ने भावनाको विकास हुन्छ। अदालतप्रति समुदायका सदस्यहरूमा रहेको नकारात्मक सोचको व्यवस्थापन गर्नु नै आधुनिक अदालत व्यवस्थापनको मुख्य चुनौती हो।

## १.४ नेपालमा अदालत र समुदाय बीचको सम्वादको आवश्यकता तथा सान्दर्भिकता

जसरी अन्य मुलुकका न्यायपालिकामा न्यायिक बाह्यपहुँच कार्यक्रमको सान्दर्भिकता पुष्टि भएको छ, नेपालको न्यायपालिका पनि त्यसको अपवाद बन्न सक्दैन। बरु नेपाल जस्तो संक्रमणबाट गुज्रेको र नागरिक सचेतनाको स्तर कम रहेको मुलुकमा यस्ता कार्यक्रमहरु अझ बढी महत्वपूर्ण प्रमाणित हुन्छन्। हाल नयाँ संविधान जारी भएता पनि नेपालमा २०६२।६३ मा प्रारम्भ भएको दोश्रो जनआन्दोलन पछि मुलुक राजनीतिक संक्रमणबाट गुज्रिरहेको छ। १२ वर्षे सशस्त्र द्वन्द्वबाट मुक्त भए पनि द्वन्द्वोत्तर प्रभावहरुबाट मुलुक पूर्णतः मुक्त भइसकेको छैन।यो अवस्थाबाट न्यायपालिका पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित भइरहेको पाइन्छ।कानून पालनाको संस्कृति कमजोर भइरहेको छ, दण्डहीनतामा वृद्धि भइरहेको छ, राजनीतिक प्रणालीको अस्थिरता र अव्यवस्थाको फलस्वरुप राजनीतिक तहमा मै समाधान हुनसक्ने विवादहरु पनि न्यायपालिकामा प्रवेश पाइरहेको छ र न्यायपालिकाबाट हुने फैसलाहरु अनावश्यक रुपमा विवादमा पार्ने गरिएको छ।एक हिसाबले लोकतन्त्र, मानव अधिकार र कानूनी राज्यका मूल्य र मान्यताको प्रवर्द्धनमा न्यायपालिका एक्लो

रुप मै उभिनु पर्ने अवस्था सिर्जना भएको छ। नेपालको न्यायपालिकाको इतिहासमा यो सबै भन्दा खतरनाक र जोखिमयुक्त अवस्था हो। त्यसैले न्यायपालिकाले यी जोखिमहरुको होसियारीपूर्वक व्यवस्थापन गर्दै भावी पुस्तालाई अहिलेको भन्दा पनि स्वतन्त्र, सवल र सक्षम न्यायपालिका सुम्पनु पर्ने चुनौती छ। यसका लागि जनसाधारण लगायत न्यायिक स्वतन्त्रताका पक्षधर समुदाय र वर्गहरुसम्म पुगेर न्यायपालिकाले आफ्नो सरोकारहरु राख्नु आवश्यक देखिएको छ।

नेपालको जनआन्दोलन-२ पछि न्यायिक स्वतन्त्रता एवम् मूल्य र मान्यता मात्र जोखिममा परेको होइन, न्यायपालिका प्रति जनसाधारणको आकांक्षा पनि अप्रत्याशित रुपमा वृद्धि भएको छ। न्यायपालिकालाई हरेका समस्याका सन्दर्भमा अन्तिम अस्त्रको रुपमा प्रयोग गर्ने संस्कृतिको विकास भएको छ। यसैले आज हामी एकातर्फ न्यायपालिका प्रति जनताको उर्लदो महत्वाकांक्षालाई सक्षमताका साथ सम्वोधन गरी उत्तरदायित्वको परीक्षणमा खरो उत्रनु पर्ने दवाबमा छौं भने अर्कोतर्फ हाम्रा आदरणीय पूर्वजहरुबाट सम्पोषित भइ आएको न्यायिक स्वतन्त्रताको जगलाई अझ मजबुत बनाउनु पर्ने ऐतिहासिक क्षणमा पनि रहेका छौं।

न्यायपालिकाको शक्ति भनेको यस प्रतिको जनआस्था हो र न्यायपालिका प्रतिको जनआस्था हामी न्यायकर्मीहरु कै सेवा प्रवाहको प्रभावकारितामा निर्भर रहने कुरा हो। यस हिसाबले न्यायिक सेवाको प्रवाहलाई जन अपेक्षा अनुरुप वाञ्छित गतिमा अगाडि बढाई न्यायपालिकालाई सबैको आस्थाको धरोहरका रुपमा स्थापित गर्नुपर्ने चुनौती अझ पनि हामीसँग कायमै छ र मुलुकमा भएको ऐतिहासिक परिवर्तनसँगै न्यायपालिका प्रतिको बढ्दो अपेक्षाका सन्दर्भमा यो चुनौती अझ थप रुपमा गम्भीर बन्दै गइरहेको महशुस गरिँदैछ। जनसाधारणका अपेक्षाहरुका सन्दर्भमा हामीले न्यायिक काम कारवाहीहरुलाई छिटो छरितो, सर्वसुलभ, पहुँचयोग्य बनाई न्यायिक काम कारवाहीमा बढी पारदर्शिता, उत्तरदायित्व र अनुशासन कायम गर्नु जरुरी हुन आएको छ। यी आवश्यकताहरुका सन्दर्भमा हामीले न्यायिक सुधार योजनामा दिइनु पर्ने प्राथमिकता निर्धारणको क्षेत्र बुझ्न र न्यायपालिका जनसाधारण

प्रतिको उत्तरदायित्व बहन गर्न आतुर र प्रतिबद्ध रहेको कुराको सन्देश प्रवाह गर्न पनि न्यायपालिका जनसाधारण समक्ष पुग्नु जरुरी हुन आएको छ।

न्यायपालिका प्रति अहिले जति पनि असन्तुष्टिहरु प्रकट भएका छन् ती सबै गलत नभए पनि न्यायपालिकाको भूमिका प्रतिको बुझाइको कमिका कारणले पनि आएका हुन् भन्ने प्रष्ट छ। न्यायपालिकाले कानून बमोजिम काम गर्ने हो। केवल जनसाधारणको चाहना र इच्छा भन्दैमा न्यायपालिकाले कानून छोडेर अन्यथा काम गर्न सक्ने अवस्था हुँदैन। तथापि हरेक समस्याहरु अदालतमा ल्याउने र कानूनी वा संवैधानिक व्यवस्थाको अपर्याप्तता वा अव्यवहारिकता जे भए पनि न्यायपालिकाबाट एक किसिमको समाधानको अपेक्षा गर्ने प्रवृत्ति मौलाएको छ। यस प्रकारको समाधान के हुने भन्ने विषय पनि दलीय मतका आधारमा विभाजित छ। कानूनी र संवैधानिक व्यवस्था, मूल्य एवम् मान्यता प्रति वस्तुनिष्ठ दृष्टिकोण निर्माण गर्न सकिएको छैन। कतिपय अवस्थामा कानूनको अभावको कारण उपचार दिन नसकिएको स्थिति हुँदा पनि न्यायपालिकाले नै आक्षेपहरु व्यहोर्नु पर्ने परिस्थिति बनेको पाइन्छ।

यसैगरी न्याय प्रणाली ढिलो रहेको आम गुनासाहरु अभिव्यक्त भइरहेको पाइन्छ। तर यस प्रकारको ढिलाइ हुनुमा न्यायपालिका कति जिम्मेवार छ भन्ने कुरामा या त जनसाधारणमा बुझाइको कमि छ या त यो कुरालाई मनन गरिएको छैन। न्यायिक कार्यविधि कानूनद्वारा निर्धारण हुने विषय हो र कानून निर्माण न्यायपालिकाले गर्ने नभइ व्यवस्थापिकाले गर्ने कुरा हो। न्यायपालिका स्वयम् अव्यवहारिक कार्यविधिगत व्यवस्थाबाट पीडित छ र सुधारका लागि बारम्बार सम्बन्धित निकाय समक्ष वकालत गरिरहेको छ। तर पनि यी कुराहरुलाई जनासधारण समक्ष लैजान सकिएको छैन र अनावश्यक रुपमा न्यायपालिका लाञ्छित भइरहेको छ। यस्ता धेरै विषयहरु हुन सक्छन् जसप्रति हामीले जनसाधारणमा जानकारी प्रवाह गर्नु जरुरी छ। यसो भएमा न्यायपालिकाले अनावश्यक रुपमा लाञ्छित हुन नपर्ने मात्र होइन, न्यायपालिकाले गरिरहेको वकालतमा थप बल पनि मिल्न जान्छ।

नेपालमा International Commission of Jurists, Nepal (ICJ- Nepal) को सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत सन् २०११ देखि नै "समुदायमा अदालत" कार्यक्रम अन्तर्गत "न्यायिक सेवा प्रवाहमा न्यायपालिक :

हाम्रा बुझाइ र अपेक्षाहरु" शीर्षकको केही अन्तरसंवाद कार्यक्रमहरु गरि सकिएको छ। कार्यक्रम आयोजना गर्नु पूर्व प्रतिष्ठानले न्यायाधीशहरु, न्यायपालिकाका अधिकृतहरु समेतको सहभागितामा आयोजना गरिने कार्यक्रमको रुपरेखा, कार्यक्रमको ढाँचा, कार्यक्रममा समावेश गरिने विषयवस्तु आदिका सम्बन्धमा परामर्श बैठक गरेको थियो। परामर्श बैठकबाट प्राप्त सुझाव समेतको आधारमा नवलपरासी र रुपन्देहीमा गाउँ विकास समितिका सचिवहरुसँग, भक्तपुर, तनहुँ, कञ्चनपुर र भक्तपुर जिल्लामाउच्चमाध्यामिक विद्यालयका विद्यार्थी एवम् शिक्षक जस्ता समुदायमासँग **"न्यायिक सेवा प्रवाहमा न्यायपालिक : हाम्रा बुझाइ र अपेक्षाहरु"** विषयक कार्यक्रम न्यायाधीशहरुको समेत सहभागितामा न्यायिक बाह्यपहुँच कार्यक्रमहरु सञ्चालन गरिएका छन्।

यी कार्यक्रमहरुले सम्बन्धित समुदायमा न्यायपालिका प्रतिको बुझाइका लागि कौतुहलता सिर्जना गरेको महशुस गरिएको छ। न्यायिक काम कारवाही प्रतिको बुझाइलाई वृद्धि गरेको छ। केही फैसला र राम्रा कामहरु प्रति प्रशंसा मिलेको छ। समग्रमा कार्यक्रमबाट न्यायपालिकालाई नजिकबाट बुझ्ने अवसर पाएको, आफ्ना अपेक्षाहरु राख्न पाएको र न्यायाधीशहरुसँग प्रत्यक्ष अन्तरक्रिया गर्न पाएकोमा लक्षित समुदाय बीच खुशी र सन्तुष्टि मिलेको अनुभव गरिएको छ। कुनै पनि समुदायले कार्यक्रमको औचित्यमा प्रश्न गरेनन्, बरु सबैबाट यस प्रकारका कार्यक्रमहरु विभिन्न समुदायमा पुऱ्याउनु पर्ने सुझाव मिलेको छ। यस किसिमका कार्यक्रमहरुबाट जनसाधारण मात्र लाभान्वित भएको पनि होइन, स्वयम् न्यायपालिकाले जनसाधारणका भोगाइहरु प्रत्यक्ष रुपमा बुझ्न पाएको देखिएको छ, खास खास पक्षमा किन अपेक्षापूर्वक काम कारवाही गर्न नसकिएको हो भन्ने बारेमा स्पष्ट गर्ने अवसर पाएको छ र भावी योजनाका लागि पृष्ठपोषण पनि प्राप्त गरेको छ।

## १.५ न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना र न्यायिक बाह्यपहुँच कार्यक्रम

नेपालको न्यायपालिकाले दक्षिण एशियामा नै योजनावद्ध सुधार प्रक्रियाको थालनी गर्ने पहिलो न्यायपालिकाको रुपमा जनसाधारणबाट व्यक्त सरोकार र चिन्तालाई सम्वोधन गर्ने प्रयास गरेको हो। न्यायिक काम

कारवाहीलाई छिटो छरितो, कम खर्चिलो र पहुँचयोग्य बनाउन तथा न्यायकर्मीहरुलाई बढी जिम्मेवार र उत्तरदायी बनाउन स्पष्ट नतिजा परिसूचक सहित सुधार योजना अगाडि सारी कार्यान्वयनमा ल्याएको छ। यो सुधार योजनाबाट न्यायपालिकाको कार्यसम्पादन स्तरमा व्यापक वृद्धि भएको पनि छ। तर यस बारे जनसाधारणमा कमै मात्र जानकारी छ। योजना कार्यान्वयनका लागि प्रक्षेपित बजेटको तुलनामा ज्यादै न्यून बजेटमात्र प्राप्त भएको र दरवन्दीमा पनि खासै वृद्धि नहुँदा नहुँदै पनि न्यायपालिका भित्र देखिएको सुधारको प्रवृत्ति उत्साहप्रद छ। यी विषयहरुलाई जनसाधारण समुदायलाइ जानकारी गराउनुका साथै न्यायपालिकामा थालिएका सुधार प्रक्रियालाई निरन्तरता दिने र न्यायपालिकाका लागि आवश्यक श्रोतसाधनको उपलब्धताका लागि सम्बन्धित निकायहरुमा दवाब सिर्जना गर्ने रणनीति अपनाउनु पनि जरुरी छ। यसका लागि न्यायपालिका सधै मुकदर्शक भएर रहने प्रवृत्तिबाट आफ्नो भूमिकालाई रुपान्तरित गर्दै जनसाधारण समक्षको संवाद र अन्तरक्रियामा जानु अपेक्षित हुन आएको छ।

नेपालको न्यायापालिकाले आ. व. २०६१।६२ देखि पहिलो पञ्चवर्षीय रणनीतिक योजना मार्फत आफ्नो सुधार प्रयासलाई व्यवस्थित रुपमा प्रारम्भ गरेको थियो। युक्त योजनाको मूल कार्य ४.५ मा न्यायिक सूचना प्रवाह गर्ने (न्यायपालिकाको कार्यहरु जनसमुदायलाई जानकारी गराउने उल्लेख भएको थियो। त्यसैगरी रणनीतिक उपाय १६ मा गरीब र असहाय वर्गका लागि कानूनी सहायता कार्यक्रमलाई संस्थागत बनाउने उल्लेख थियो। आफ्नो सुधार प्रयासलाई निरन्तरता दिने क्रममा पहिलो रणनीतिक योजनाको कार्यान्वयनमा देखिएका समस्या र अनुभवहरुलाई आधार बनाई दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६।६७-२०७०।७१) लागू भएको छ। न्यायपालिकाको दोस्रो रणनीतिक योजनाले सरोकारवालाहरुको न्यायिक सूचनामा पहुँच सुनिश्चित गर्ने[२] दोस्रो रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कनले

---

२ न्यायपालिकाको दोश्रो पञ्च वर्षे रणनीतिक योजना, २०६६।६७-२०७०।७१ रणनीतिक उपाय ११.१

न्यायपालिका प्रति जनताको आस्था अभिवृद्धि गर्ने[३] र न्यायपालिका प्रत्यक्ष रुपमा जनसाधारणसँगको अदालतको सम्बन्ध (Public Outreach) सबल बनाउने[४] जस्ता कुराहरुलाई प्राथमिकतामा राखी एउटा महत्वपूर्ण रणनीतिको रुपमा आत्मसात् गरेको छ।

३ न्यायपालिकाको दोश्रो पञ्च वर्षे रणनीतिक योजना (मध्यावधि मूल्याङ्कन प्रतिवेदन), २०६६।६७-२०७०।७१ विशेष रणनीतिक उपाय ८.२

४ न्यायपालिकाको दोश्रो पञ्च वर्षे रणनीतिक योजना (मध्यावधि मूल्याङ्कन प्रतिवेदन), २०६६।६७-२०७०।७१ विशेष रणनीतिक उपाय ८.२

# परिच्छेद दुई

## न्यायिक बाह्यपहुँच सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

### २.१ पृष्ठभूमि

विभिन्न मुलुकहरुमा न्यायिक सामुदायिक बाह्यपहुँच (Judicial Community Outreach) (समुदाय र न्यायालयको सम्बन्ध विस्तार) कार्यक्रमका सम्बन्धमा विभिन्न प्रकारका अभ्यासहरु प्रचलनमा रहेको पाइन्छ। अदालती काम कारवाहीका साथै न्याय क्षेत्रको काम कारवाहीहरु कसरी सम्पादन हुन्छन् भन्ने समेतका सन्देश लिई विभिन्न समुदायमार्फत जनतामाझ जाने विभिन्न कार्यक्रमहरु विकसित देशका अदालतहरुले अवलम्बन गरिसकेका छन्। केही विकसित देशहरुमा प्रचलित अभ्यासहरु यस प्रकार छन्

### २.२ विभिन्न देशहरूमा भएका अभ्यासहरू

#### (क) फिलिपिन्स

न्यायलाई सहज बनाउन तथा न्यायको पहुँचलाई अभिबृद्धि गर्न फिलिपिन्समा सन् २००४ मा Justice on Wheels कार्यक्रमको शुरुवात गरियो। उक्त कार्यक्रम ग्वाटेमालामा भएको घुम्ती अदालतको (Mobile Court) अभ्यासको आधारमा तय भएको बुझिन्छ। गरिव तथा असक्षम व्यक्तिहरुलाई सहज तथा सुलभ रुपमा न्याय प्रदान गर्न यात्रुबाहक बसभित्र अदालतको इजलास तथा मेलमिलाप केन्द्रसमेत बनाई तयार गरिएको Enhancing Justice on Wheels (EJOW) नामक बसलाई अदालतमा मुद्दा दर्ता भई अङ्ग पुगेको मुद्दालाई स्थानीय स्तरमा गई न्यायाधीश, सरकारी वकील, कानून व्यवसायी तथा अदालतको आवश्यक कर्मचारीहरुले थुनुवा तथा अन्य सरोकारवालाहरु तथा सर्वसाधारणहरुको अगाडि अदालतमा जस्तै फैसला गर्दछन्। उक्त व्यवस्था गरिव तथा पिछडिएको वर्गलाई न्यायमा सहज पहुँचको उद्देश्यले सञ्चालन गरिएको भए तापनि यस प्रकारको अभ्यासबाट सर्वसाधारणले न्याय कसरी सम्पादन हुन्छ भनी अवलोकन गर्ने अवसर पनि पाउँछन्। प्रारम्भमा यस कार्यक्रम मार्फत बालबालिका र युवाहरुको मुद्दाहरुलाई प्राथमिकता दिइएको पाइन्छ। तर कार्यक्रमको विस्तारसँगै यसले

सानातिना मुद्दाहरुमा गरिबहरुलाई लक्षित उनीहरुलाई (Conciliation Court), मेलमिलाप आदिमा फैसला गरी न्याय प्रदान गर्न समेत लाग्यो।

उक्त कार्यक्रम शुरु गरिएको ६६ दिनभित्र यसले ११२६ मुद्दा हेर्नुका साथै ३९१ जना कैदीहरुलाई मुक्त गर्न सकेको तथ्याङ्कले यसको प्रभावकारितालाई स्पष्ट पार्दछ। नमुनाको रुपमा शुरुवात गरिएको Enhancing Justice on Wheels (EJOW) कार्यक्रमको प्रभावकारितालाई दृष्टिगत गरी फिलिपिन्सको सर्वोच्च अदालतले यस कार्यक्रमलाई विस्तार गर्ने निर्णय गरेको छ। यसका अतिरिक्त फिलिपिन्समा सार्वजनिक संवाद कार्यक्रम पनि सञ्चालन गर्ने गरेको छ। त्यहाँका सर्वोच्च अदालतका प्रधानन्यायाधीश स्वयम्ले अध्यक्षता गरेको यस्तो संवाद कार्यक्रममा सर्वोच्च अदालतका रजिष्ट्रारले न्याय क्षेत्रका सरोकारवालाहरु सरकारी वकील, प्रहरी, सञ्चारसँग सम्बन्धित व्यक्ति लगायत अन्य व्यक्तिहरुको पनि सहभागिता रहन्छ। न्यायक्षेत्र र न्यायपालिका प्रति रहेको जनगुनासोलाई सुन्ने, बजेटसम्बन्धी व्यवस्था, कर्मचारीहरुलाई सुविधासम्बन्धी व्यवस्था, अभिलेखसम्बन्धी व्यवस्था लगायत जनसाधारणमा न्यायको पहुँचका सम्बन्धमा रहेका समस्यालाई बुझ्ने र उपयुक्त उपचारका लागि जानकारी गराउने यस कार्यक्रमको उद्देश्य रहेको छ।

### (ख) सयुक्त राज्य अमेरिका

अमेरिकाका विभिन्न राज्यहरुमा नागरिक शिक्षा (Civic Education) को रुपमा न्यायिक सामुदायिक बाह्यपहुँच (Judicial Community Outreach) कार्यक्रमहरु सञ्चालन हुने गरेको पाइन्छ। अमेरिकन जुडिकेचर सोसाइटीको वेबसाइट (Website) मा बार एशोसिएसन, नागरिक समाजसँगको सहकार्यमा विभिन्न प्रकारको कार्यक्रम गरी अदालती प्रक्रिया तथा समाजमा अदालतको भूमिकाको सम्बन्धमा जन साधारणलाई जानकारी गराउने प्रयास गर्ने गरेको देखिन्छ। ती देहाय बमोजिम रहेका छन्।

- अदालतको अवलोकन भ्रमण (Court Visit)
- इन्टर्नसीप (Internships
- कक्षाकोठामा न्यायाधीश (Judges in the Classroom)
- परिसर बाहिर अदालत (Off-site Courts)

- सडकमा अदालत (On the Road)
- प्रवक्ताको कार्यालय (Speakers' Bureaus)
- शिक्षकहरुको प्रतिष्ठान (Teachers' Institutes)

**(अ) नागरिक शिक्षा (Civil Education)**

समुदाय र न्यायालय बीच रहेको दुरीलाई कम गर्दै न्यायालयप्रति जनआस्था र जनविश्वास अभिबृद्धि गर्न नागरिकहरुलाई राज्यको विद्यमान कानून र कानूनी संयन्त्रको बारेमा जानकारी गराउन नागरिक शिक्षा उपयुक्त माध्यम हो भन्ने महसुस गरियो। नागरिक शिक्षा कार्यक्रम मार्फत अदालतको समुदायसँगको सम्बन्ध विस्तारको अभ्यास गरियो। यस्तो नागरिक शिक्षा कार्यक्रमको उद्देश्य न्यायाधीशहरुलाई प्रत्यक्ष रुपमा समुदायसँग साक्षात्कार गराउनु थियो। न्यायपालिकाको भूमिका, राज्यका अन्य अवयवहरुभित्र न्यायपालिकाले कसरी कार्य गर्दछ भन्ने जानकारी गराउने तथा विभिन्न कारणले न्यायको पहुँचबाट बञ्चित वर्गलाई न्यायको पहुँचको सहज वातावरण सृजना गर्दै न्यायालयप्रति समुदायको विश्वास बढाउनु यसको प्रमुख उद्देश्य हो। त्यस्तै अमेरिका कै हवाई राज्यको न्यायपालिकामा समुदायको सहभागिता अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन हुने गरेका छन्:

- स्वयम् सेवाका अवसरहरु (Volunteer Opportunities)
- न्यायपालिकीय इतिहास केन्द्र (Judiciary History Center)
- हवाईमा सम्बन्धविच्छेद सम्बन्धी कानून (Divorce Law in Hawai)
- अदालतको अवलोकन भ्रमण (Court Tours)
- प्रवक्ताको कार्यालय (Speakers Bureau)
- खानाखाँदै कानूनको विषयमा जानकारी (Lunch 'n' Learn the Law)

**(आ) अदालत भ्रमण (Court Tours)**

न्यायिक सुधारमा जनसाधारणको आवाजको महत्व हुने भएकोले समुदायमा अदालत कार्यक्रमलाई समेत सुधार कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख गरेको छ[५]। अमेरिकाका केही राज्यहरुमा न्यायाधीशहरु स्वयम्

५ See http://www.courts.ca.gov/programs-commoutreach.htm. (visited on Sept. 12, 2012)

विभिन्न स्कूल र कलेजहरुमा गई अदालती प्रक्रियाको बारेमा प्रवचन दिने, छलफल गर्ने, अदालत अभ्यास (Mock Trial) सञ्चालन गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन हुने गरेको पाइन्छ। यस्ता कार्यक्रम मार्फत न्यायपालिकालाई समुदायको सरोकारवारे जानकारी लिने अवसर मिल्दछ भने समुदायको न्यायपालिका प्रतिको विश्वासमा वृद्धि पनि गर्दछ। क्यालिफोर्नियाको दक्षिणी जिल्लाको एक जिल्ला अदालतले माध्यामिक तहका विद्यार्थीहरु, शिक्षकहरु लगायतका व्यक्तिहरुलाई अदालतमा भ्रमण गराएर अदालती प्रक्रियाबारे जानकारी गराउने गरेको पाइन्छ।

### (ग) क्यानाडा

क्यानाडाका केही राज्यहरुमा न्यायपालिकाको समुदायसँगको सम्बन्ध विस्तारका लागि Judicial Community Officer, Community Justice Workers जस्ता कार्यक्रमको विकास गरी अभ्यास भएको पाइन्छ। क्यानाडाको ब्रिटिश कोलम्विया राज्यमा Judicial Education Society नामक संस्थाले राज्यको न्यायपालिकाको बारेमा जनसाधारणलाई जानकारी दिने उद्देश्यले Justice System Education Programme, Northern Native Public Legal Education, Court Information Programme for Immigrants, Mock Trial Programme जस्ता विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस्तो कार्यक्रमहरुमा देशको न्याय प्रणाली, यसको कार्यविधि बारेमा अदालतको अवलोकन, यस सम्बन्धी अभिमुखीकरण, सुनुवाई नाटक, न्यायाधीश र वकीलद्वारा सत्र सञ्चालन, विद्यार्थीसँग अन्तरक्रिया, न्यायपालिका भित्रको वृत्ति विकासको अवसर आदि विषयलाई समेटिएको पाइन्छ।

### (घ) भारत

छिमेकी मुलुक भारतमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा भारत सरकारको न्याय विभागले सञ्चालन गरेको एउटा कार्यक्रम मार्फत Community Justice Worker हरु तयार पारेको थियो। जसको उद्देश्य न्यायबाट बञ्चित गरिव तथा पिछडिएका वर्गलाई कानूनी सचेतना, उनीहरुका अधिकारहरुको बारेमा जानकारी र न्याय प्राप्तिका लागि उनीहरुलाई सशक्तीकरण गर्न सहजीकरण गर्नु रहेको थियो। यसका अतिरिक्त

गरिबी, अशिक्षा, चेतनाको अभाव जस्ता विविध कारणले गर्दा प्रत्यक्ष रुपमा न्यायको पहुँचबाट बञ्चित वर्गलाई न्यायको पहुँचको सहज वातावरण सृजना गर्न अदालत स्वयम् लक्षित वर्ग र समुदायसम्म पुग्ने खालका कार्यक्रमहरुको पनि विकास भएको थियो। दिल्ली स्थित न्यायिक प्रतिष्ठानले प्रशिक्षणको सन्दर्भमा सहभागीहरुलाई गाउँहरुमा स्थलगत भ्रमण गराई परामर्श गर्ने, उनीहरुको समस्याहरु बुझ्ने गर्ने गरेको थियो। यसका अतिरिक्त भारतमा कम खर्चिलो र छिटो न्याय प्रदान गर्नका लागि पहिलो पटक सन् २००७ मा घुम्ती अदालत (Mobile Court) को पनि अभ्यास गरेको पाइन्छ। कर्नाटक, हरियाना, महाराष्ट्र जस्ता केही राज्यहरुमा लक्षित वर्गका लागि Justice on Wheels कार्यक्रम सञ्चालन गरेको पाइन्छ[६]।

## २.३ न्यायिक प्रक्रियामा पारदर्शिता सम्बन्धी इस्तानवुल घोषणापत्र

विभिन्न मुलुकका प्रधान न्यायाधीश र वरिष्ठ न्यायाधीशहरु समेतको सहभागिता रहेको टर्कीको इस्तानबुलमा नोभेम्वर २०-२२, २०१३ मा आयोजित The Conference of Chief Justices and Senior Justices of the Asian Region को Meeting ले पारीत गरेको The Istanbul Declaration on Transparency in the Judicial Process को सिद्धान्त नं. ९ मा The Judiciary should promote programmes to orient students on the Judicial process र सिद्धान्त नं. १० मा The judiciary should initiate and /or support appropriate outreach programmes designed to educate the public on the role of the justice system लाई मान्यता प्रदान गरिएको छ। नेपालका तर्फबाट सर्वोच्च अदालतका तत्कालीन सम्माननीय का.मु प्रधान न्यायाधीश श्री दामोदर प्रसाद शर्माज्यू समेतले सहभागिता जनाइ प्रतिवद्धता व्यक्त गरिएको छ। जसका कारण नेपालका सबै जसो अदालतले न्यायिक बाह्यपहुँच कार्यक्रम आयोजना गर्दै आएका छन्। केही महत्त्वपूर्ण सिद्धान्तहरू यस प्रकार छन्:

---

६ See at http://www.expressindia.com/latest-news/justice-on-wheels-to-provide-legal-services-in-talukas/634812/ (visited on 2nd October, 2012).

## सिद्धान्त ९: न्यायपालिकाले विद्यार्थीहरूलाई न्यायिक प्रक्रियाबारे जानकारी अभिवृद्धि गर्न कार्यहरू सञ्चालन गर्नुपर्ने।

**The judiciary should promote programmes to orientate students on the judicial process.**

The judiciary should promote and participate in school and university programmes aimed at developing an understanding of, and contributing to, the transparency of the judicial process. These may include visits to courts, classroom appearances by judges, role playing, the use of audiovisual material, and the active teaching of judicial procedures. Such programmes will contribute to avoid or correct ignorance and misapprehension about the judicial system and its operation.

## सिद्धान्त १०: अदालतले न्याय प्रणालीको भूमिका बारे सर्वसाधारणलाई प्रशिक्षित गर्ने कार्यक्रमको शुरूवात गर्ने र सहयोग गर्ने

**The judiciary should initiate and /or support appropriate outreach programmes designed to educate the public on the role of the justice system.**

Transparency involves more than simply providing access to court proceedings and information. To achieve transparency, information must also be disseminated in a format that is easily accessible for the intended audience – especially for court users who do not have a legal background and may often have limited literacy. Publicizing information about court operations and judicial programmes to increase the quality and efficiency of justice also has beneficial effects on public confidence in the judiciary. Judicial outreach involves proactive measures by judges and direct interaction with the communities they serve. These may include town hall meetings, the production of radio and television programmes, and the dissemination of awareness-raising materials such as court user guides. These guides, in the form of short pamphlets, may provide basic information on arrest, detention and bail, criminal and civil procedures, and useful contacts for crime victims, witnesses and other users.

Such programmes of judicial outreach and education concerning court services and procedures are useful from the perspective of both the judiciary and the court users. They help to actively engage a court in a relationship with the community, and to demystify many of the complexities surrounding the operation of a legal system and the conduct of court proceedings. Thus, by educating and involving the public in the court's work through proactive judicial outreach and communication strategies, courts can increase public confidence and strengthen respect for the rule of law in their communities.

## सिद्धान्त ११: न्यायिक प्रक्रिया र फैसलाका बारेमा सर्वसाधारणलाई सूचना प्रवाह गराउन न्यायपालिकाले सञ्चार माध्यमलाई न्यायिक सूचनामा सहज पहुँच र अन्य आवश्यक सहयोगको प्रवन्ध गर्नु पर्ने।

**The judiciary should afford access and appropriate assistance to the media to enable it to perform its legitimate function of informing the public about judicial proceedings, including decisions.**

It is the function and the duty of the media to gather and convey information to the public, and to report and comment, on the administration of justice, including cases, before, during and after trial, without violating the sub judice rule, the presumption of innocence, and the rights of parties to a dispute. This principle, which includes the freedom to decide which cases are to be brought to the attention of the public and how they are to be treated, and the right to criticize the organization and functioning of the justice system, should only be departed from to the extent set out in the International Covenant on Civil and Political Rights.

Media access to judicial proceedings is not a matter of simply opening doors to the courtroom and providing seats to journalists. Courts are not well served by inaccurate and sensationalist coverage of court proceedings. In fact, poor or biased media coverage can undermine public confidence in the judiciary and raise concerns with regard to judicial independence, impartiality and integrity. The training of journalists organized by, or in cooperation with, the courts can help reduce ineffective reporting. Such training should be designed to provide them with basic knowledge about court procedures and legal issues, and thus contribute to improving journalistic skills and ethics, and building trust between judges and journalists.

Engaging the media may also require that courts actively reach out to journalists by establishing press offices within each court, to facilitate fair and balanced media coverage of judicial proceedings. These offices could liaise with media representatives, respond to and manage requests from journalists, issue press releases and generally provide accurate information about judicial decisions and legal issues. These offices could also provide schedules of upcoming cases, monitor the media for accurate reporting, and design media campaigns that promote public understanding of the judiciary.

## सिद्धान्त १२: न्यायपालिकाले सम्पादन गरेका कार्यमा सेवाग्राहीहरूको सन्तुष्टीको सर्वेक्षण गरी न्यायप्रणालीको गुणस्तरीयता अभिवृद्धि गर्नु पर्ने।

**The judiciary should assess public satisfaction with the delivery of justice, and thereby seek to promote the quality of justice.**

There are a variety of tools for measuring the level of public satisfaction with the delivery of justice. Apart from being sensitive to contributions from academia and the medıa, the judiciary should encourage court user feedback. An effective and impartial complaint system, regular case audits, periodic surveys of court users and other stakeholders, and discussions with court user committees, are means of reviewing public satisfaction with the delivery of justice and identifying systemic weaknesses in the judicial process, especially any that may have created “gatekeepers” seeking gratifications. However, these exercises will be meaningless if lessons are not learnt and remedial action not taken. The publication of an annual report of its activities, including any difficulties encountered and action taken to improve the functioning of the justice system, is one measure to foster public confidence in the judiciary.

# परिच्छेद तीन

## नेपालमा न्यायिक बाह्यपहुँच सम्बन्धी कार्यक्रम सञ्चालनको रूपरेखा

### ३.१ कार्यक्रमबाट हासिल गर्नुपर्ने उद्देश्यहरु

- सर्वसाधारण जनता, अप्रत्यक्ष सरोकारवालाहरु, विद्यार्थी, शिक्षक, महिला र पिछडिएका समुदायलाई नेपालको न्यायिक संरचना, न्याय व्यवस्था, अदालतको काम कारवाही र यसको प्रक्रिया, न्यायपालिकाको सुधार योजना, न्याय सम्पादनमा अन्य सरोकारवालाहरुको भूमिका र यसले पार्न सक्ने प्रभाव, न्याय सम्पादनमा रहेका समस्या, जटिलता र यसको सम्भावित समाधानका उपायहरुको बारेमा जानकारी गराउने,
- प्रत्येक व्यक्तिलाई संविधान एवम् कानूनद्वारा प्रदत्त आफनो हक अधिकार उल्लंघन भएको अवस्थामा त्यसको उपचार र प्रचलनका लागि औपचारिक न्यायिक संयन्त्रहरुको विद्यमानता रहेको तथा तिनको पहुँच सम्बन्धमा विद्यमान व्यवस्था र प्रक्रियाका बारेमा जानकारी गराई न्यायको पहुँचमा सहज वातावरण सृजना गर्ने र अन्तत न्यायपालिका प्रति जनआस्था अभिबृद्धि गर्ने,
- न्यायपालिकाले तत्काल सम्वोधन गर्नुपर्ने जनसाधारणका सरोकारका विषयहरु बुझ्ने र पहिचान गर्ने,
- न्यायिक प्रक्रियामा जनसाधारणको सहयोग सुनिश्चित गर्ने,
- लोकतान्त्रिक प्रणालीमा मानव अधिकारको संरक्षण एवम् कानूनी राज्यको सबलीकरणमा न्यायपालिकाको भूमिका बारेमा जनसाधारणलाई बुझाउने।

### ३.२ कार्यक्रमको ढाँचा एवम् विधि

न्यायिक बाह्यपहुँच कार्यक्रमका विभिन्न ढाँचा एवम् विधि वा तरिकाहरु प्रचलनमा रहेका छन्। लक्षित वर्ग वा समुदाय र कार्यक्रमको विषय समेतका आधारमा देहायका ढाँचाहरूमध्ये कुनै एक कार्यक्रमको ढाँचा

अवलम्वन गर्न सकिन्छ। अदालतहरूको आफ्नो परिवेश र आवश्यकता अनुसार अन्य उपयुक्त ढाँचा वा तरिका प्रयोग गर्न पनि सकिन्छ। न्यायिक बाह्यपहुँच अन्तर्गत मूलतः निम्न ढाँचा एवम् विधिहरूको प्रयोग गर्न सकिनेछः

**(क) सञ्चार माध्यमको प्रयोग**

सूचना प्रवाह केन्द्र, जनसम्पर्क कार्यालय, टेलिभिजन, रेडियो, नाटक, ब्रोसर, पोष्टर, बुलेटिन लगायतका माध्यमबाट श्रव्य दृश्य सामग्रीको निर्माण र प्रयोग गरी न्यायपालिकासँग सम्बन्धित सूचनाहरुको प्रवाह गर्न सकिन्छ।

**(ख) विद्यालय तथा विश्वविद्यालयमा अन्तरक्रिया भ्रमण**

न्यायाधीश तथा न्याय क्षेत्रका उच्च पदमा बस्ने व्यक्तिहरु स्थानीय विद्यालय तथा कलेज एवम् विश्वविद्यालयमा भ्रमण गरी न्यायिक प्रक्रिया, संविधान एवम् कानूनद्वारा प्रदत्त आफनो हक अधिकार उल्लंघन भएको अवस्थामा त्यसको उपचार र प्रचलनका लागि औपचारिक न्यायिक संयन्त्रहरुको विद्यमानता तथा तिनको पहुँच सम्बन्धमा विद्यमान व्यवस्था र प्रक्रियाका बारेमा जानकारी गराउन सकिन्छ।

**(ग) इन्टर्नसीप**

विद्यालय तथा विश्व विद्यालयका विद्यार्थीहरुलाई अदालतमा इन्टर्नसिप गराएर पनि न्यायिक प्रक्रिया र न्याय प्रणाली तथा न्यायिक कार्य प्रकृतिका बारेमा जानकारी गराउन सकिन्छ।

**(घ) अदालतको अवलोकन**

जनसाधारण एवम् विद्यार्थीहरुलाई अदालतको भ्रमणका लागि आमन्त्रण गरी अदालती कार्यविधि, प्रक्रिया, योजना, अदालतबाट प्रदान गरिने सेवा, अदालतको भौतिक अवस्था र समस्याहरुका बारेमा जानकारी गराउने एवम् न्यायाधीशहरुसँग प्रत्यक्ष रुपमा अन्तरक्रिया गराउन सकिन्छ।

### (ङ) समुदायका सदस्यहरूसँग अन्तरक्रिया

जनसाधारणको कुनै खास समुदायमा न्यायाधीशहरु गई कुनै खास विषयमा समुदायका सदस्यहरुसँग प्रत्यक्ष अन्तरक्रिया र अन्तर संवाद गर्न सकिन्छ।

### (च) अन्य

- समुदायसँग न्यायाधीश
- सञ्चारमा अदालत
- सेवाग्राहीसँग न्यायाधीश

## ३.३ कार्यक्रमको लक्षित वर्गहरू

न्यायिक बाह्यपहुँच कार्यक्रमका लक्षित वर्ग देहाय बमोजिमका हुन सक्छन्।

- माध्यामिक वा उच्च माध्यामिक विद्यालय वा कलेजका विद्यार्थीहरू,
- विद्यालय वा विश्वविद्यालयका शिक्षकहरू,
- सम्बन्धित जिल्लाका गाउँ विकास समिति तथा नगरपालिकाका सचिव र अन्य कर्मचारीहरू,
- प्रहरी तथा जिल्लास्थित अन्य सरकारी निकायका कर्मचारीहरू,
- सम्बन्धित जिल्लामा कानून, न्याय र मानव अधिकारका क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरू,
- स्थानीय महिला समूह, युवा क्लव, उपभोक्ता समिति जस्ता सामाजिक संस्थासम्बद्ध व्यक्तिहरू,
- जेष्ठ नागरिक, एकल महिलाहरू,
- स्थानीय स्वास्थ्यकर्मीहरू र अदालतको कामसँग सम्बन्धित अन्य सरकारी कार्यालयका कर्मचारीहरू,
- समुदायमा रहेका विभिन्न भाषा, लिङ्ग, वर्ग र जातजातिका व्यक्तिहरू,
- स्थानीय नागरिक समाजका प्रतिनिधिहरू,

- विभिन्न राजनीतिक दलका कार्यकर्ता र प्रतिनिधिहरू, स्थानीय राजनीतिकर्मीहरू,
- अदालतले उपयुक्त ठानेका स्थानीय परिवेश अनुसारका अन्य व्यक्तिहरू।

## ३.४ कार्यक्रम सञ्चानका लागि संयन्त्र

### (क) न्याय क्षेत्र समन्वय समिति

न्यायापालिका र जनता बीच अदालतका कार्य प्रकृति, कार्यविधि र जनताको अपेक्षाको बारेमा छलफल वा परामर्श गर्न न्यायाधीश तथा अदालतका माथिल्लो तहका कर्मचारीहरु स्थानीय स्तरमा गई प्रत्यक्ष छलफल गराउने कार्यक्रम हुन सक्दछ। यस्ता खालका कार्यक्रमहरु कानून दिवस, मानव अधिकार दिवस, निजामती कर्मचारी दिवस, लोकतन्त्र दिवस जस्ता दिनको अवसर पारी वा नपारी पनि आयोजना गर्न सकिन्छ। कुनै समस्या विशेष जस्तै महिला विरुद्धको घरेलु हिंसामा उजुरी तथा कारवाही जस्ता विषयमा पनि छलफल कार्यक्रम आयोजना गर्न सकिन्छ। उक्त कार्यक्रम स्थानीय स्तरमा **जिल्ला न्याय क्षेत्र समन्वय समिति**[७] वा उच्च अदालत न्याय क्षेत्र समन्वय समिति मार्फत कार्यान्वयन गराउन सकिन्छ।

### (ख) नेपाल बार एशोसिएशन तथा बार एशोसियसनका स्थानीय इकाईहरु

कानून व्यवसायीहरु न्याय प्रणालीका महत्वपूर्ण सरोकारवालाहरु हुन्। सरोकारवाला मात्र पनि होइन, जनसाधारण र न्यायपालिका बीच सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण कडीको रुपमा पनि बार रहेको हुन्छ। बारको सहयोग विना न त न्यायसम्पादनको कार्य नै प्रभावकारी हुन सक्दछ, न न्यायिक सुधारका योजनाहरु नै प्रभावकारी रुपमा कार्यान्वयन हुन सक्दछ। सर्वसाधारण जनता तथा न्यायका उपभोक्ताहरुसँग न्यायपालिकाको संवाद स्थापित गर्न तथा न्यायिक बाह्यपहुँच (Judicial Outreach) का कार्यक्रमहरुको कार्यान्वयन गर्न पनि कानून व्यवसायीहरुको भूमिका अग्रणी र महत्वपूर्ण हुन्छ। कानून

---

७ अनुसूची २ हेर्नहोस्।

व्यवसायीहरुलाई न्यायिक बाह्यपहुँच (Judicial Outreach) को बारेमा प्रशिक्षित गरेर उनीहरुसँगको सहकार्यमा स्थानीय तथा राष्ट्रिय स्तरमा न्यायिक बाह्यपहुँच (Judicial Outreach) का कार्यक्रमहरु अगाडि बढाउन सकिन्छ। अदालतले कानून व्यवसायीहरुको समन्वयमा कार्यक्रम गर्न सक्दछ भने बार एशोसियन आफैले पनि यस प्रकारका कार्यक्रमहरु आयोजना गर्न सक्दछ।

### (ग) राष्ट्रिय न्यायिक प्रतिष्ठान

राष्ट्रिय न्यायिक प्रतिष्ठान न्यायपालिकामा कार्यरत न्यायाधीश तथा अन्य कर्मचारीहरुको व्यावसायिक दक्षता अभिवृद्धिका लागि मात्र स्थापित निकाय होइन। न्यायपालिकाको एउटा शैक्षिक निकायको रुपमा न्यायिक सूचनाहरुको प्रवाह गर्ने भरपर्दो निकायको रुपमा पनि प्रतिष्ठानले काम गर्न सक्दछ। प्रतिष्ठान मार्फत न्यायाधीशहरु जनसाधारणसँगको संवादमा संलग्न हुन सक्दछन्। सम्भाव्य श्रोत व्यक्तिहरुलाई न्यायिक बाह्यपहुँच (Judicial Outreach) को बारेमा प्रशिक्षक प्रशिक्षण सञ्चालन गरेर ती श्रोत व्यक्तिहरुलाई कार्यक्रममा उपयोग गर्न सक्दछ।

### (घ) अदालतहरु

न्यायिक बाह्यपहुँच कार्यक्रम विभिन्न तहका अदालतहरु आफैले पनि सञ्चालन गर्न सक्दछन्। कतिपय मुलुकहरुमा यदि कुनै कार्यक्रममा न्यायाधीश वक्ता चाहिएमा सम्पर्क राख्न भनी अदालतहरुले सार्वजनिक सूचना नै प्रकाशन गरेका हुन्छन्। वास्तवमा जबसम्म यी कार्यक्रमहरुलाई न्यायपालिकाले संस्थागत स्वामित्व लिई सञ्चालनको लागि नीतिगत स्वीकृति दिँदैन, तवसम्म कुनै संस्थाद्वारा सञ्चालन गरिने फुटकर कार्यक्रमहरुले खासै प्रभाव सिर्जना गर्न सक्ने पनि देखिँदैन।

### (च) न्यायाधीश समाज र न्यायपालिका अधिकृत समाज

न्यायपालिकासँग प्रत्यक्ष रुपमा सम्बन्धित व्यवसायिक संगठन भएको नाताले न्यायाधीश समाज, नेपाल र न्यायपालिका अधिकृत समाज जस्ता संगठनहरु पनि यस प्रकारको कार्यक्रम सञ्चालनका लागि उपयुक्त संयन्त्र हुन सक्दछन्।

# परिच्छेद चार

## न्यायिक बाह्यपहुँच सम्बन्धी कार्यक्रम सञ्चालन तथा कार्यन्वयन

### ४.१ कार्यक्रमको लक्ष्य निर्धारण

न्यायिक बाह्यपहुँच कार्यक्रम आर्थिक वर्षको कुन महिनामा र कतिवटा सञ्चालन गर्ने भन्ने बारेमा स्पष्ट हुनु पर्दछ। एक आर्थिक वर्षमा कम्तीमा प्रत्येक चार महिनामा एउटा कार्यक्रम सञ्चालन गर्ने र हरेक अदालतले निर्माण गर्ने वार्षिक कार्यान्वयन योजनासँग समेत तादम्यता रहने गरी कार्यक्रमको लक्ष्य निर्धारण गर्नु उपयुक्त हुन्छ।

### ४.२ कार्यक्रममा जानकारी दिने विषय निर्धारण

कार्यक्रमको उद्देश्यमा आधारित भै सहभागीहरूको प्रकृति र कार्यक्रमको ढाँचाका आधारमा सामान्यतयाः निम्न विषयमध्ये आवश्यक विषयहरूका बारेमा जानकारी प्रदान गर्ने गरी कार्यक्रम निर्धारण गर्ने। यी विषयहरूबारे शुरूको प्रस्तुतिका क्रममा वा पछि जिज्ञासा सम्बोधन गर्ने क्रममा आवश्यक जानकारी वा सूचना दिने।

- न्यायिक उपचार र त्यसको लागि स्थापित विद्यमान संयन्त्रहरू।
- अदालतको भूमिका र काम कर्तव्य।
- अदालतमा आउने विवादका प्रकृति। जस्तै देवानी, फौजदारी आदि।
- विभिन्न प्रकृतिका विवादका सम्बन्धमा अपनाइने कार्यविधि( खासगरी सामान्य, संक्षिप्त र विशेष।
- न्यायिक कार्यविधिसम्बन्धी आधारभूत मूल्य मान्यताहरू।
- अनुसन्धान, अभियोजन तथा न्यायिक प्रकृयामा जिम्मेवार निकाय तथा पदाधिकारीहरू।
- न्यायाधीश, कानून व्यवसायी, सरकारी वकील आदिको काम कर्तव्य, अदालत र अन्य सरकारी निकाय बीचको भिन्नता।
- अदालतको काममा देखिएका मुख्य समस्या र कठिनाईहरू।
- न्यायपालिकाको रणनीतिक योजना र यसका लक्ष्य तथा मुख्य मुख्य क्रियाकलापहरू।

- अदालतले प्रदान गर्ने सेवाहरू। जस्तैः वैतनिक कानून व्यवसायी, बन्द इजलास, गोपनीयता, मेलमिलाप आदि।
- न्याय सम्पादनमा सरोकारवालाको भूमिका र अपेक्षाहरू।
- अदालतले गर्ने कार्यमा जनसाधारण वा सहभागी समूहको सहयोग र समन्वय।
- न्यायिक प्रक्रियामा बालबालिका र महिलाका लागि गरिएका विशेष व्यवस्थाहरू। जस्तैः बाल न्याय, मानव बेचबिखन, बाल इजलास।
- कानूनी शिक्षा प्रणालीबारे सामान्य जानकारी।
- न्यायसेवाको प्रकृति र यसमा प्रवेश गर्ने तरिका।
- अदालतको बडापत्रसम्बन्धी जानकारी।
- अदालतको जनआस्था र जनधारणा।
- अदालतमा लाग्ने कोर्ट फी, राजस्व तथा दस्तुर।
- अदालतको बारेमा श्रव्य-दृश्य वा भिडियो डकुमेन्ट्री (Video Documentary)
- न्याय सम्पादनमा नागरिकहरूको कर्तव्य।
- साक्षी प्रमाणको महत्व र साक्षी बकपत्र।
- अदालतको फैसला र आदेश पालना गर्दा र नगर्दा हुने परिणाम।
- अदालतप्रति आम नागरिकका अपेक्षाहरू।
- कानूनले तोकेका दस्तुर बाहेक अन्य कुनै खर्च अदालतमा तिर्नु नपर्ने कुराको जानकारी।
- स्वच्छ सुनुवाइ सम्बन्धी कुराहरू।
- सहभागीहरूको प्रकृति अनुसारका अन्य उपयुक्त र सान्दर्भिक विषयहरू।
- न्यायाधीश र कर्मचारीहरूको आचार संहिता सम्बन्धी विषय।
- अदालतले प्रदान गर्ने सूचना तथा सेवाहरु।
- मुद्दाको समय सारिणी प्रणाली।
- अदालत सन्निहीत मेलमिलाप।

## ४.३ कार्यक्रमसम्बन्धी निर्णय गर्ने र जिम्मेवारी तोक्ने

१. एकभन्दा बढी न्यायाधीश भएका अदालतमा रणनीतिक योजना बमोजिम गठित योजना सम्बन्धी संयन्त्रले जिल्ला न्यायाधीश वा पुनरावेदन अदालतको सम्बन्धमा मुख्य न्यायाधीशसँग समन्वय गरी वार्षिक कार्ययोजना बमोजिम न्यायिक बाह्यपहुँच कार्यक्रम सञ्चालन गर्दा कसले, कहिले, कुन ढाँचा र विषयमा केन्द्रित रही सञ्चालन गर्ने भन्ने बारेमा निर्णय गर्नुपर्छ। कार्यक्रमको व्यवस्थापनका लागि अदालतको कुनै अधिकृतलाई जिम्मेवारी तोक्न सकिनेछ।

२. यसरी निर्णय गर्नुअघि आवश्यकता अनुसार सरकारी वा स्थानीय निकाय तथा कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी सँस्थाहरूसँग छलफल गर्न सकिन्छ।

३. जिल्ला स्थित न्याय क्षेत्र समन्वय समितिका सरोकारवाला निकायहरू जस्तै प्रहरी, सरकारी वकिल, महिला तथा बालबालिका कार्यालय र जिल्ला प्रशासन कार्यालयका समन्वयमा पनि कार्यक्रमको सञ्चालन गर्न सकिन्छ।

४. कार्यक्रमसम्बन्धी निर्णय गर्दा स्थानीय बार इकाईको सुझाव लिन र बारका प्रतिनिधिलाई समेत सहभागी गराउने गरी कार्यक्रम निर्माण गर्न सकिनेछ।

५. तोकिएको स्थानमा कार्यक्रम गर्दा सम्बन्धित स्थानको अगुवा समुदायसँग समन्वय गरी उनीहरूको अपनत्व भाव ग्रहण गराउन आवश्यक छ।

६. स्कूल, कलेज वा समुदायमा कार्यक्रम गर्दा तत् तत् संस्थाका कार्यकारीहरूसँग समन्वय गरी गर्न उपयुक्त हुन्छ।

## ४.४ सहभागीहरूको छनौट

कार्यक्रमको लक्ष्य, ढाँचा र प्रकृति अनुसार सामान्यतयाः देहायका व्यक्तिहरूलाई कार्यक्रममा सहभागी बनाउन सकिन्छ।

- माध्यामिक वा उच्च माध्यामिक विद्यालय वा कलेजका विद्यार्थीहरू,

- विद्यालय वा विश्वविद्यालयका शिक्षकहरू,
- सम्बन्धित जिल्लाका गाउँ विकास समिति तथा नगरपालिकाका सचिव र अन्य कर्मचारीहरू,
- प्रहरी तथा जिल्लास्थित अन्य सरकारी निकायका कर्मचारीहरू,
- सम्बन्धित जिल्लामा कानून, न्याय र मानव अधिकारका क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरू,
- स्थानीय महिला समूह, युवा क्लव, उपभोक्ता समिति जस्ता सामाजिक संस्थासम्बद्ध व्यक्तिहरू,
- जेष्ठ नागरिक, एकल महिलाहरू,
- स्थानीय स्वास्थ्यकर्मीहरू र अदालतको कामसँग सम्बन्धित अन्य सरकारी कार्यालयका कर्मचारीहरू,
- समुदायमा रहेका विभिन्न भाषा, लिङ्ग, वर्ग र जातजातिका व्यक्तिहरू,
- स्थानीय नागरिक समाजका प्रतिनिधिहरू,
- विभिन्न राजनीतिक दलका कार्यकर्ता र प्रतिनिधिहरू, स्थानीय राजनीतिकर्मीहरू,
- अदालतले उपयुक्त ठानेका स्थानीय परिवेश अनुसारका अन्य व्यक्तिहरू।
- स्थानीय सञ्चारकर्मी तथा पत्रकार

### ४.५ सहभागी संख्याको निर्धारण

कार्यक्रमको विषय, प्रकृति र ढाँचा अनुसार सहभागी समूह वा व्यक्तिहरूको निर्धारण गरि सकेपछि सहभागी संख्या तय गर्नु पर्दछ। सहभागी संख्या कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन हुने स्थान र तयारीको अवस्था अनुरूप निर्धारण गर्न नसकिएमा कार्यक्रम असफल हुने सम्भावना रहनुका साथै खर्च लगायत अन्य कुराहरूको व्यवस्थापन गर्न कठिनाई हुन्छ। तसर्थ, सकेसम्म एकै प्रकृतिका व्यक्तिहरू समावेश गरी सामान्यतया ३० देखि ५० जनासम्मको सहभागितामा कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ। तर स्थानीय रूपमा गाउँ समुदायमा जाँदा सहभागीको संख्या बढ्न सक्ने

सम्भावनालाई दृष्टिगत गर्दै त्यसलाई समायोजन र व्यवस्थापन गर्ने सीप रहनु आवश्यक छ। यसका अतिरिक्त सहभागी समूह र समूदायको रूचिअनुसार कुनै कुनै कार्यक्रम पहिले नै निर्णय गरी माथि लेखिएको संख्याभन्दा बढी व्यक्तिहरूलाई गर्न सकिने छ।

## ४.६ कार्यक्रम सञ्चालन गरिने स्थानको छनौट

सहभागी संख्याको आधारमा सहभागीहरू सजिलोसँग अटाउने गरी कुर्सी वा बेन्च भएको हलको व्यवस्था मिलाउनु पर्छ। ग्रामीण क्षेत्रमा कार्यक्रम गर्दा सकभर स्थानीय निकाय, विद्यालय वा सामाजिक संस्थाका हलहरू उपयोग गर्ने गरी व्यवस्था मिलाउनु पर्छ। कार्यक्रम स्थलमा खानेपानीको व्यवस्थाका साथै उपयुक्त शौचालय हुनु आवश्यक छ। कतिपय ग्रामीण क्षेत्रमा सामुदायिक भवन र हलहरूको उपलब्धता नहुनसक्ने भएकोले खुला चौरमा पनि सामान्य बार बन्देज गरेर कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

## ४.७ कार्यतालिका निर्माण तथा सत्र सञ्चालनको विधि र तरिका निर्धारण

अत्यावश्यक हुन्छ। कार्यतालिकामा कुन समयबाट कार्यक्रम शुरू हुने, कुन/कति समयसम्म कार्यक्रम चल्ने, को कसको जिम्मेवारी के के हुने, कार्यक्रम सञ्चालनको लागि को को उपस्थित हुने भन्ने कुराहरू उल्लेख गर्नु पर्दछ। साथै कार्यक्रम सञ्चालक र अतिथि को हुने स्पष्ट तोकिनु पर्दछ। को कसले कति समय कुन विषयमा बोल्ने सो कुरा समेत स्पष्ट हुनु पर्दछ। अन्य प्रशिक्षण कार्यक्रमजस्तै सत्र अनुसारको कार्यतालिका बनाई कार्यक्रम सञ्चालन गर्नु पर्दछ। कार्यक्रमको समयावधि कार्यक्रम गर्ने मौसम (जाडो महिना/गर्मी महिना) को आधारमा तय गर्नु पर्दछ। कार्यक्रमको समय सामान्यतया ३-४ घण्टाको हुनुपर्छ। न्यायिक बाह्यपहुँच कार्यक्रम सञ्चालन गर्दा देहायका कुराहरूलाई ध्यानमा राख्नु पर्दछ :

- सम्बन्धित अदालतको न्यायाधीशको नेतृत्वमा उक्त कार्यक्रम सञ्चालन गर्ने,
- कार्यक्रमको ढाँचा र विषयवस्तुको आधारमा सम्बन्धित अदालतको बार ईकाईका प्रतिनिधि र सम्बन्धित सरकारी वकीललाई उपयुक्त भूमिकाको निर्धारण सहित कार्यक्रममा उपस्थित गराउने,

- अवस्था अनुसार अदालतका सबै न्यायाधीशहरू पनि कार्यक्रममा उपस्थित हुन सक्ने,
- अदालतका श्रेस्तेदार तथा अधिकृत र इच्छुक कर्मचारीलाई समेत सामेल गराउन सकिने,
- कार्यक्रमलाई धेरै औपचारिक नबनाई सकेसम्म अनौपचारिक रूपमा सञ्चालन गर्ने,
- कार्यक्रममा उपस्थित हुँदा अनौपचारिक तर सभ्य पोशाक लगाउने,
- छलफल गर्न नपाइने विषयहरूको बारेमा कार्यक्रमको शुरूमा नै सहभागीहरूलाई जानकारी दिने,
- कार्यक्रमको पहिलो तथा अन्तिम चरणमा अदालतको सेवाप्रति सहभागीहरूको धारणा बुझ्ने
- के विषयमा कति समय बोल्ने भन्ने कुरा प्रस्तोताले राम्रो तयारी गरी कार्यक्रममा सहभागी

## ४.८ कार्यक्रमबारे जानकारी

न्यायिक बाह्यपहुँच कार्यक्रम आयोजना हुने स्थान र मिति तय भएपछि सम्बन्धित निकाय वा पदाधिकारीलाई सो बारेमा जानकारी दिनुपर्ने हुन्छ। न्यायिक बाह्यपहुँच कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, कार्यक्रम आयोजना हुने मिति, समय र स्थान उल्लेख गरी सम्बन्धित निकायमा पत्राचार गर्नुपर्दछ। खासगरी देहायका निकाय वा पदाधिकारीलाई कार्यक्रमबारे जानकारीका लागि पत्राचार गर्नुपर्ने हुन्छ। जस्तै,

- माथिल्लो अदालत,
- सुरक्षा निकाय,
- स्थानीय निकायका पदाधिकारी,
- सहभागी समूह कार्यक्रमको प्रकृतिका आधारमा अन्य व्यक्ति, निकाय वा पदाधिकारीहरू।

## ४.९ कार्यक्रम खर्चको व्यवस्थापन

कार्यक्रम सञ्चालनका लागि आवश्यक न्यूनतम रकमको अभावमा न्यायिक बाह्यपहुँच कार्यक्रम सञ्चालन गर्न सकिदैन। तर यसका लागि ठूलो बजेटको आवश्यकता भने पन। कार्यक्रमका लागि उपलब्ध बजेटलाई प्रभावकारी र मितव्ययी ढंगले उपयोग गर्नु पर्दछ। तसर्थ, कार्यक्रम सञ्चालनका लागि आवश्यक खर्चहरूको पूर्व अनुमान गरी सर्वोच्च अदालतमा बजेट व्यवस्था तथा निकासा लागी अनुरोध गर्न सकिन्छ। कार्यक्रम सम्पन्न भइसकेपछि नियमानुसार कार्यक्रममा भएको खर्चका विवरणहरू राख्नुका साथै फरफारक गर्नु पर्दछ।

## ४.१० कार्यक्रमको व्यवस्थापन र सञ्चालन

न्यायिक बाह्यपहुँच कार्यक्रमसम्बन्धी योजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तुत चरणमा विशेष ध्यान पुऱ्याउनु आवश्यक छ। यस चरणमा कार्यक्रम स्थलको ब्यवस्थापनदेखि कार्यक्रम समापनसम्मक विभिन्न क्रियाकलापहरू पर्दछन्। यस चरणमा गरिने कार्यहरूको प्रभावकारिताबाट नै समग्र कार्यक्रमको सफलता वा असफलता निर्भर गर्दछ। तसर्थ, प्रस्तुत चरणमा गरिने कार्यहरूका सम्बन्धमा विशेष सतर्कता, होशियारी र कौशलता देखाउनु आवश्यक छ। अदालतको निष्पक्षता, गरिमा र न्यायका आधारभूत मान्यताहरूको सम्मान कायम राख्दै कार्यक्रम सञ्चालन गर्नुपर्छ। यस चरणमा ध्यान दिनु पर्ने विषयहरू मूलभूत रूपमा देहायबमोजिम रहेका छन् :

- न्यायाधीश र कर्मचारीको आचारसंहितालाई मध्यनजनर राख्नुपर्छ।
- सहभागीहरूलाई आफ्ना भनाइहरू खुलेर तर सम्मान र संयमतापूर्वक अभिव्यक्त गर्न प्रेरित गर्नुपर्छ।
- सहभागीहरूले अदालतप्रति कडा अभिव्यक्ति दिइरहेका हुन सक्छन्। त्यसलाई सहज र संयमपूर्वक ग्रहण गर्नुपर्छ।

- सहभागीहरूले बोलेको कुरा टिपोट गर्नुपर्छ, तत्काल प्रतिवाद गर्नु हुँदैन।तर वातावरण जटिल हुन भने दिनु हुदैन। टिपेका कुराहरूलाई पछि जवाफ दिने वेलामा आवश्यकतानुसार सम्बोधन गर्नुपर्छ।
- कार्यक्रमको आवाज वा दृश्यहरू रेकर्ड गरी सुरक्षितसाथ राख्ने व्यवस्था गर्न सकिन्छ।
- कार्यक्रममा उपस्थित सहभागी र आयोजक सबैको हाजिरी गराउनु पर्छ।
- सम्बन्धित अदालतको जानकारी पुस्तिका (ब्रोसर) लगायत अन्य जानकारीमूलक सामग्रीहरू तयार गरिएको भए सोको वितरण गर्न सकिन्छ।
- उपलब्ध बजेट खर्च गर्ने निर्धारित प्रक्रियाका आधारमा सहभागी र आयोजकका लागि चिया, खाजाको व्यवस्था गर्न सकिन्छ।
- आवश्यकता अनुसार श्रव्यदृश्य सामाग्रीको प्रयोग गर्न सकिन्छ।
- कार्यक्रम अनाबश्यक रूपमा लामो नहोस भन्ने कुरामा सँधै सजग रहनु पर्छ।

## ४.११ कार्यक्रमको समीक्षा र प्रतिवेदन

न्यायिक बाह्यपहुँच कार्यक्रम सम्पन्न भईसकेपछि प्रतिवेदकबाट प्रतिवेदन तयार गरी अदालतमा पेश गर्नु पर्दछ। त्यस्तो प्रतिवेदन पेश भएपछि अदालतमा सो बारेमा छलफल र समीक्षा गर्नु पर्दछ। कार्यक्रमको विषयवस्तु, ढाँचाको उपयुक्तता तथा व्यवस्थापन लगायतका विभिन्न पक्षमा रहेको सबल पक्षहरूका विषयमा समीक्षा गर्नु पर्दछ। यसप्रकारको समीक्षाले भावी कार्यक्रममा सुधार गरी सञ्चालन गर्न सहयोग पुऱ्याउँछ। तसर्थ कार्यक्रम सम्पन्न भई प्रतिवेदन प्राप्त भएपछि यथाशक्य चाँडो कार्यक्रमको समीक्षा गर्नु पर्दछ। यसरी कार्यक्रमको समीक्षा भएपछि सो समेतका आधारमा प्रतिवेदकको प्रतिवेदनमा आवश्यक परिमार्जन गरी सो को संक्षिप्त प्रतिवेदन तयार गरी अदालतमा राख्नुपर्छ र एक प्रति माथिल्लो अदालत र सर्वोच्च अदालतमा पठाउनु पर्छ।

न्यायिक बाह्यपहुँच कार्यक्रम सम्पन्न भई सो कार्यक्रमको सम्बन्धमा समीक्षा भएपछि त्यस आधारमा संक्षिप्त प्रतिवेदन तयार गर्नु पर्छ। कार्यक्रमका सहभागीहरूबाट उठाइएका तथा व्यवस्थापन र सुधार गर्नु पर्ने विषयहरूका बारेमा अदालत स्वयम् र न्याय सम्पादनको कार्यमा सम्बन्धित अन्य निकायले त्यसलाई पृष्ठपोषणका रूपमा लिई आवश्यक सुधारको पहल गर्नु पर्दछ। तसर्थ, प्राप्त पृष्ठपोषण वा सुधारका विषयहरूलाई अदालतले गम्भीरतापूर्वक लिने र अन्य निकायसँग सम्बन्धित विषय भए सम्बन्धित अंश सम्बन्धित निकायमा पठाउन सकिन्छ। साथै, न्याय क्षेत्र समन्वय समितिको वैठकमा समेत यस बारेमा छलफल गर्न उपयुक्त एवम् सान्दर्भिक हुन्छ। कार्यक्रममा नीतिगत रूपमा सुधार गर्नु पर्ने विषयहरू उठेको भए ती विषयहरूलाई प्रतिवेदनमा समावेश गर्नु पर्दछ। प्रतिवेदनमा औंल्याइएका त्यस प्रकारका विषयहरूलाई केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको वैठकमा प्रस्तुत गर्न सकिन्छ।

कार्यक्रम सम्पन्न भएपछि सो कुराको प्रतिवेदन जिल्ला अदालतले सम्बन्धित पुनरावेदन अदालत र सर्वोच्च अदालतमा र पुनरावेदन अदालतले सर्वोच्च अदालतमा पठाउनु पर्छ। कार्यक्रमको श्रव्यदृश्य अदालतको डकुमेन्ट्रीमा समावेश गर्न सकिन्छ।

- प्रतिवेदनमा सहभागीहरूको धारणा र कार्यक्रमप्रतिको दृष्टिकोण उल्लेख गर्न छुटाउनु हुँदैन।
- प्रतिवेदनमा कार्यक्रमप्रतिको खास अनुभूति र नीतिगत सुझाव भए सो समेत उल्लेख गर्न सकिन्छ।
- कार्यक्रमको आवाज वा दृश्य रेकर्ड गरेको भए त्यसलाई सुरक्षित गरी राख्नु पर्छ।

# अनुसूची १

## न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना

## (छिटो छरितो न्याय, सबैका लागि न्याय) २०७१/७२ - २०७५/७६

**लक्ष्य ४: न्यायपालिका प्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने**

**रणनीति १: न्यायपालिकाबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाउने**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| सूचना तथा सहयोग कक्षको स्थापनालाई विस्तार गर्ने। | सबै अदालतमा सूचना तथा सहयोग कक्षको स्थापना | २०७२ आषाढ | रजिष्ट्रार/स्रेस्तेदार |
| सूचना तथा सहयोग कक्षबाट प्रवाह हुने सेवाहरूको दिग्दर्शन निर्माण गर्ने। | दिग्दर्शन | २०७१ भाद्र | स अ रजिष्ट्रार |
| सबै न्यायाधीश र कर्मचारीहरूले सेवाग्राहीहरूप्रति मर्यादित व्यवहार गर्ने। | सेवाग्राहीको प्रतिक्रिया र पृष्ठपोषण | निरन्तर | सबै न्यायाधीश र कर्मचारी |
| सबै न्यायाधीश र कर्मचारीहरूबाट मर्यादित व्यवहार भए नभएको सम्बन्धमा सेवाग्राहीहरूबाट सर्वेक्षण गराउने प्रणाली अपनाउने। | सर्वेक्षण प्रतिवेदन | त्रैमासिक | सम्बन्धित अदालतका स्रेस्तेदार/रजिष्ट्रार |

| | | | | |
|---|---|---|---|---|
| अदालतका गरिने फैसलाहरूलाई गुणस्तरीय बनाउने। | फैसला र आदेश लेखनलाई गुणस्तरीय बनाउन फिरादपत्र, प्रतिउत्तरपत्र, फैसला र आदेशको ढाँचालाई परिमार्जन गरी सरलीकृत बनाउने | परिवर्तित ढाँचा | २०७२ आषाढ | अनुसन्धान तथा योजना महाशाखा |
| | जिल्ला र पुनरावेदन अदालतबाट भएका गुणस्तरीय फैसलाहरूको प्रकाशन गर्ने व्यवस्था गर्ने | फैसला प्रकाशन | प्रत्येक वर्ष | प्रकाशन, सञ्चार तथा सम्पादन समिति |
| | अदालतको निरीक्षण हुँदा हरेक न्यायाधीशबाट भएका फैसला अध्ययन गर्ने प्रणाली अपनाउने | निरीक्षण निर्देशिका | २०७१ कार्तिक | अनुगमन तथा निरिक्षण महाशाखा |
| | कार्यविधिगत प्रक्रिया पूरा नगरी वा बुझ्नु पर्ने नबुझी फैसला गरेको कारण पुनः इन्साफका लागि फिर्ता पठाइएका मुद्दाहरूको अभिलेख राख्ने प्रणाली अवलम्बन गर्ने, | पुनः इन्साफका लागि पठाइएका मुद्दाहरूको अभिलेख | २०७१ देखि निरन्तर | सम्बन्धित पुनरावेदन अदालत र सर्वोच्च अदालत, अनुगमन तथा निरीक्षण महाशाखा |
| | पुनरावेदन परेका मुद्दाहरूको न्यायाधीशगत विवरण राख्ने पद्धति अवलम्बन गर्ने, विवरण राख्ने | विवरण राख्ने नीतिगत निर्णय | २०७१ श्रावण देखि निरन्तर | सम्बन्धित पुनरावेदन अदालत र स अ अनुसन्धान तथा योजना महाशाखा |

| | | | |
|---|---|---|---|
| अदालतबाट भएका फैसलाहरू प्रतिपक्षहरूको सन्तुष्टीको अवस्था यकीन गर्न मुद्दामा पुनरावेदन पर्ने प्रवृत्तिको अध्ययन गरी वार्षिकरूपमा प्रकाशन गर्ने परिपाटी अपनाउने। | अध्ययन प्रतिवेदन | प्रत्येक वर्ष | स. अ. अनुसन्धान तथा योजना महाशाखा |

**लक्ष्य ४: न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने**

**रणनीति २: न्यायिक प्रक्रिया, अदालतबाट प्राप्त हुने सेवा एवं सुविधाहरू र मुद्दाको कारवाही अवस्थाका बारेमा जानकारी प्रवाह गराउने प्रणाली स्थापना गर्ने**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| अदालतमा आउने सेवाग्राहीहरूका निम्ति परामर्श सेवा (counseling service) सञ्चालन गर्ने।<br>• न्यायिक प्रक्रिया<br>• अदालतले दिनेसेवा एवं सुविधाहरू | कार्यक्रम सञ्चालन | २०७१ श्रावण देखि निरन्तर | सम्बन्धित अदालतका स्रेस्तेदार/रजिष्ट्रार |
| टेली इन्क्वायरी प्रणाली स्थापना गर्ने। | सूचना तथा सहयोग कक्षमा टेलिफोन सेवा | २०७१ पौष | सम्बन्धित अदालतका स्रेस्तेदार/रजिष्ट्रार |

**लक्ष्य ४: न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने**

**रणनीति ३: अनियमितता र गुनासो सुनुवाइका लागि प्रभावकारी संयन्त्रको स्थापना गर्ने**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| अदालतमा स्थापित अनियमितता र गुनासो सुनुवाइ संयन्त्रलाई प्रभावकारी बनाउने। | गुनासो सुनुवाइमा नियमितता | २०७१ श्रावण देखि निरन्तर | जिल्ला न्यायाधीश/मुख्य न्यायाधीश/प्रधान न्यायाधीश |
| गुनासो सुनुवाइ भएको सुनिश्चितताका लागि सुनुवाइ भएको कुराको जानकारी प्रवाह हुने प्रणाली स्थापना गर्ने। | सूचना प्रवाह | २०७१ श्रावण देखि निरन्तर | जिल्ला न्यायाधीश/मुख्य न्यायाधीश/प्रधान न्यायाधीशको सचिवालय |
| उजुरी एवं गुनासोको आधारमा सम्बन्धित कर्मचारीको मूल्याङ्कन हुने स्थिति कायम गर्न मूल्याङ्कनकर्तालाई कारवाहीको विवरण उपलब्ध गराउने। | विवरणको उपलब्धता | २०७१ श्रावण देखि निरन्तर | सम्बन्धित अदालतका स्रेस्तेदार/रजिष्ट्रार |

**लक्ष्य ४: न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने**

**रणनीति ४: न्यायिक प्रक्रिया र प्रणालीबारे समुदायका विभिन्न वर्गहरूसँग अन्तरसंवाद गर्ने प्रणालीको स्थापना गर्ने**

| कार्य | | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| न्यायिक संवाद (judicial outreach) कार्यक्रम सञ्चालन गर्ने | कार्यक्रमको ढाँचा तयार गरी सञ्चालन निर्देशिका बनाउने | निर्देशिका | २०७१ चैत्र | अनुगमन तथा निरीक्षण महाशाखा |
| | कार्यक्रम सञ्चालनका लागि सम्भावित स्रोत व्यक्तिहरूलाई अभिमुखीकरण गर्ने | अभिमुखीकरण | २०७२ असोज | अनुगमन तथा निरीक्षण महाशाखा |
| | अभिमुखीकरण प्राप्त स्रोत व्यक्तिहरूबाट विभिन्न समुदायलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने | कार्यक्रम सञ्चालन प्रतिवेदन | २०७२ असोज देखि निरन्तर | सम्बन्धित जिल्ला न्यायाधीश/मुख्य न्यायाधीश |
| जिल्ला र पुनरावेदन अदालतमा न्यायाधीशसँग मुद्दाका पक्षहरूले अन्तरक्रिया गर्न पाउन (Meet the Judge) प्रणाली कार्यान्वयन गर्ने। | | अन्तरक्रिया | कम्तीमा महिनाको १ पटक | सम्बन्धित जिल्ला न्यायाधीश/मुख्य न्यायाधीश |

| | | | | |
|---|---|---|---|---|
| • अन्तरक्रिया ढाँचा र तरिका निर्धारण गर्ने<br>• अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | | | | |

**लक्ष्य ४: न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने**

**रणनीति ५. न्यायिक सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाउने**

| कार्य | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| न्यायिक प्रक्रिया र काम कारवाहीसम्बन्धी आधारभूत जानकारी प्रवाहका लागि आम सञ्चारका माध्यमहरू मार्फत कार्यक्रमहरू सञ्चालन गर्ने :<br>• कार्यक्रम उत्पादन<br>• कार्यक्रम सञ्चालन | कार्यक्रम सञ्चालन | २०७२ श्रावण देखि निरन्तर | सम्बन्धित अदालतका स्रेस्तेदार/रजिष्ट्रार |
| न्यायिक सूचना संप्रेषणलाई प्रभावकारी बनाउन प्रत्येक तहका अदालतले संचारकर्मीहरूसँग अन्तरक्रिया गर्ने। | अन्तरक्रिया | २०७१ श्रावण देखि निरन्तर | सम्बन्धित अदालतका स्रेस्तेदार/रजिष्ट्रार |

# अनुसूची २

## अदालतका नियमावलीहरुमा न्याय क्षेत्र समन्वय समितिको व्यवस्था

**(क) जिल्ला अदालत (बाह्रौ संशोधन) नियमावली, २०७३**

**४ख. जिल्ला न्याय क्षेत्र समन्वय समितिः**

(१) जिल्ला अदालतको काम कारबाहीलाई सुव्यवस्थित ढंगले सञ्चालन गर्न, जिल्ला तहका न्यायक्षेत्रका विभिन्न निकायहरू बीचको काम कारबाहीमा समन्वय गरी न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनका लागि सहयोग जुटाउन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न देहाय बमोजिमको एक जिल्ला न्याय क्षेत्र समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | जिल्ला न्यायाधीश | - अध्यक्ष |
| (ख) | प्रमुख जिल्ला अधिकारी | - सदस्य |
| (ग) | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय | - सदस्य |
| (घ) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| (घ१) | स्थानीय विकास अधिकारी | - सदस्य |
| (घ२) | प्रमुख, मालपोत कार्यालय | - सदस्य |
| (घ३) | प्रमुख, नापी कार्यालय | - सदस्य |
| (घ४) | तहसिलदार | - सदस्य |
| (ङ) | अध्यक्ष, सम्बन्धित बार एकाई | - सदस्य |
| (च) | कारागार प्रमुख | - सदस्य |
| (छ) | जिल्ला न्यायाधीशले मनोनीत गरेको जिल्लास्थित नागरिक समाजको प्रतिनिधि एकजना | - सदस्य |
| (ज) | श्रेस्तेदार | - सदस्य सचिव |

(२) उपनियम (१) को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) एकभन्दा बढी न्यायाधीश रहेका जिल्ला अदालतका हकमा अन्य न्यायाधीश, जिल्ला स्थित स्थानीय निकाय, अन्य कार्यालयका प्रमुखलाई अध्यक्षले आवश्यकतानुसार जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) जिल्ला न्याय क्षेत्र समन्वय समितिले आफ्नो काम कारबाहीको त्रैमासिक प्रतिवेदन केन्द्रीय न्याय क्षेत्र समन्वय समिति र सम्बन्धित पुनरावेदन तहको न्याय क्षेत्र समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ।

(५) जिल्ला न्याय क्षेत्र समन्वय समितिको बैठकमा अदालतमा विचाराधीन कुनै मुद्दाको सम्बन्धमा कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरणको विषयमा र अन्य कुनै निकायसँग असम्बन्धित एउटै निकायको नितान्त आन्तरिक विषयमा छलफल गरिने छैन।

**(ख) उच्च अदालत अदालत नियमावली, २०७३**

**१६६. उच्च न्याय क्षेत्र समन्वय समितिः** (१) पुनरावेदन अदालत, मातहत अदालत र न्यायिक निकायहरूको काम कारबाही सुव्यवस्थित ढंगले सञ्चालन गराउन, जिल्ला न्यायक्षेत्र समन्वय समितिका काम कारबाही, न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिन र अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न देहाय बमोजिमको एक उच्च न्याय क्षेत्र समन्वय समिति रहनेछ :-

(क) मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश - अध्यक्ष

(ख) क्षेत्रीय प्रशासक वा क्षेत्रीय प्रशासक नरहेको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी - सदस्य

(ग) प्रमुख, सम्बन्धित सरकारी वकिल कार्यालय - सदस्य

(घ) क्षेत्रीय प्रहरी कार्यालय प्रमुख वा निज नभएको ठाउँमा सबैभन्दा माथिल्लो प्रहरी कार्यालयका प्रमुख - सदस्य

(ङ) अध्यक्ष, सम्बन्धित बार एकाई - सदस्य

(च) मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीशले तोकेको नागरिक समाजको प्रतिनिधि एक जना - सदस्य

(छ) रजिष्ट्रार - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) उच्च अदालत न्याय क्षेत्र समन्वय समितिको बैठकमा अध्यक्षले आवश्यक सम्झेका अन्य न्यायाधीश र अन्य कार्यालय प्रमुखलाई पनि आमन्त्रण गर्न सक्नेछ।

(४) उच्च अदालत न्याय क्षेत्र समन्वय समितिको बैठकमा अदालतमा विचाराधीन कुनै मुद्दाको सम्बन्धमा कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरणको विषयमा र अरु कुनै निकायसंग असम्बन्धित नितान्त आन्तरिक विषयमा छलफल गरिने छैन।

(५) उच्च अदालत न्याय क्षेत्र समन्वय समितिले आफ्नो काम कारबाहीको त्रैमासिक प्रतिवेदन केन्द्रीय न्याय क्षेत्र समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ।

(६) उपनियम (३), (४) र (५) मा उल्लेख भएकोमा बाहेक न्याय क्षेत्र समन्वय समितिको कार्य संचालनका लागि सर्वोच्च अदालतबाट जारी भएका निर्देशिका वा निर्देशनका आधारमा समितिक कार्य संचालन गर्नु पर्नेछ।

## (ग) सर्वोच्च अदालत (पहिलो संशोधन) नियमावली, २०४९

**१३घ४. केन्द्रीय न्याय क्षेत्र समन्वय समितिः** (१) सर्वोच्च अदालत, मातहत अदालत तथा न्यायिक निकायहरूको काम कारबाही सुव्यवस्थित ढंगले सञ्चालन गराउन, जिल्ला तथा पुनरावेदन तहका न्यायक्षेत्र समन्वय समितिका काम कारबाही, न्यायपालिकाको रणनीतिक योजना, फैसला र आदेशको कार्यान्वयनलाई प्रभावकारिता दिन एवम् अदालतको सुरक्षा व्यवस्थालाई समेत समन्वय गर्न देहायबमोजिमको एक केन्द्रीय न्याय क्षेत्र समन्वय समिति रहनेछ :

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश एकजना - अध्यक्ष

(ख) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश एकजना - सदस्य

(ग) प्रधान न्यायाधीशले तोकेको पुनरावेदन अदालतको मुख्य न्यायाधीश एकजना - सदस्य

(घ) कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान - सदस्य
(ङ) रजिष्ट्रार - सदस्य
(च) सचिव, न्याय परिषद् - सदस्य
(छ) सचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य
(ज) महान्यायाधिवक्ताले तोकेको नायव महान्यायाधिवक्ता - सदस्य
(झ) प्रहरी महानिरीक्षकले तोकेको अतिरिक्त प्रहरी महानिरीक्षक - सदस्य
(ञ) प्रधान न्यायाधीशले तोकेको जिल्ला न्यायाधीश एकजना - सदस्य
(ट) अध्यक्ष, नेपाल बार एशोसिएशन - सदस्य
(ठ) सहसचिव, अर्थ मन्त्रालय - सदस्य
(ड) सहसचिव, राष्ट्रिय योजना आयोग - सदस्य
(ढ) महानिर्देशक, कारागार व्यवस्थापन विभाग - सदस्य
(ण) महानिर्देशक - सदस्य
(त) प्रधान न्यायाधीशले मनोनीत गरेको नागरिक समाजको प्रतिनिधि एकजना - सदस्य
(थ) सहरजिष्ट्रार अनुगमन तथा निरीक्षण महाशाखा, सर्वोच्च अदालत - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (त) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको बैठकमा अध्यक्षले आवश्यक सम्झेका अन्य न्यायाधीश, पदाधिकारी तथा व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(४) केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको बैठकमा अदालतमा विचाराधीन कुनै मुद्दा, कुनै पनि पदाधिकारीको व्यक्तिगत आचरण र अरू कुनै निकायसँग असम्बन्धित नितान्त आन्तरिक विषयमा छलफल गरिने छैन।

# अनुसूची ३

## न्यायमा पहुँच आयोगको वार्षिक कार्य योजना २०७२/०७३ मा न्यायिक बाह्यपहुँच कार्यक्रमसंग सम्बन्धित कार्यक्रमहरु

लक्ष्य २: महिला, विपन्न, असहाय र असक्षम (लक्षितवर्ग) का व्यक्तिहरुलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने।

**कार्यक्रमः** २.३ महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरुलाई हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन।

**कार्यक्रमः** २.४ महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरुलाई हक अधिकारबारे सचेतना कार्यक्रम बारे प्रचार प्रसार।

# अनुसूची ४

## न्यायिक प्रक्रियामा पारदर्शितासम्बन्धी इस्तानवुल घोषणापत्र

### THE ISTANBUL DECLARATION ON TRANSPARENCY IN THE JUDICIAL PROCESS

**WHEREAS** the Universal Declaration of Human Rights recognizes as a fundamental principle that everyone is entitled to a fair and public hearing by an independent and impartial tribunal, in the determination of rights and obligations and of any criminal charge;

**WHEREAS** the International Covenant on Civil and Political Rights declares that all persons shall be equal before the courts, and that in the determination of any criminal charge or of rights and obligations n a suit at law, everyone shall be entitled, without undue delay, to a fair and public hearing by a competent, independent and impartial tribunal established by law;

**WHEREAS** the foregoing principles and rights are also recognized or reflected in other International and regional human rights instruments, in

domestic constitutional, statutory and at common law, and in judicial conventions and traditions;

**AND WHEREAS** it is now universally accepted that the principle of transparency is a fundamental component of the judicial process in a State that upholds human rights and the rule of law;

**NOW THEREFORE** THE CONFERENCE OF CHIEF JUSTICES AND SENIOR JUSTICES OF THE ASIAN REGION, MEETING IN ISTANBUL ON 20-22 NOVEMBER 2013, ON THE INVITATION OF THE CHIEF JUSTICE OF THE COURT OF CASSATION OF THE REPUBLIC OF TURKEY AND UNITED NATIONS DEVELOPMENT PROGRAM (UNDP),

**DECLARE** the following to be the basic requirements to ensure justice and secure transparency in the judicial process:

## Principle 1

### Judicial proceedings must, as a general rule, be conducted in public

The public access to court hearings is a fundamental requirement in a democratic society. The principle of public proceedings implies that citizens and media professionals should be allowed access to the court rooms in which judicial proceedings take place. The court should, therefore, ensure that the public and the media can attend court proceedings. For this purpose, information regarding the time and venue of hearings should be made available to the public Adequate facilities should also be provided for the attendance of the public, within reasonable limits, taking into account the potential interest in the case and the nature of the hearing. Where legitimate grounds, as provided by the law, exist to exclude the public or the media from the whole or part of particular judicial proceedings,[8] the judge should ensure that its reasons for so doing are published.

---

8 The requirement of a public hearing does not necessarily apply to all appellate proceedings which may take place on the basis of written presentations, or to pre-trial decisions. Article 14(1) of the International Covenant on Civil and Political Rights acknowledges that a court has the power to exclude all or part of the public for reasons of morals, public order (ordre public) or national security in a democratic society, or when the interest of the private lives of the parties so requires, or to the extent strictly necessary in the opinion of the court in special circumstances where publicity would be prejudicial to the interests of justice. Apart from such exceptional circumstances, a hearing must be open to the general public, including

# Principle 2

**The judicial system should ensure easy access to court premises and to information.**

Courthouses should, wherever possible, be located near public transportation hubs to ease the burden of travelling to and from the court. The judicial system should establish an information service and resource centre located in close proximity to the entrance to the courts. In addition to easily readable signs, courthouse orientation guides, and court schedules, court personnel should be available at public relations desks. The court buildings should provide adequate facilities for the public to complete forms and conduct negotiations, and amenities for special-need users such as children, victims and the disabled as well as rooms for legal professional services. Court users are entitled not only to timely and efficient services, but also to the highest standards of ethical conduct, professionalism and accountability from court personnel.

# Principle 3

**The judiciary should facilitate access to the judicial system.**

The court should provide potential court users with standard, user-friendly forms and instructions, and furnish clear and accurate information on filing fees, court procedures, and hearing schedules. This information should also be disseminated via the internet. Where appropriate, the court should adopt the multi-door courthouse (MDR) concept to inform potential court users of the different doors that could lead to justice, of which litigation is only one, and to provide assistance with legal aid applications. It is the responsibility of the judiciary, where there is no sufficient legal aid publicly available, to consider initiatives such as encouraging pro bono representation of poor litigants by the legal profession, or appointing a "friend of the court" (amici curiae), or suggesting alternative dispute resolution. Permission may be

---

members of the media, and must not, for instance, be limited to a particular category of persons. Even in cases in which the public is excluded from the trial, the judgment, including the essential findings, evidence and legal reasoning must be made public, except where the interest of juvenile persons otherwise requires, or the proceedings concern matrimonial disputes or the guardianship of children.

granted by the court to appropriate non-qualified persons to represent parties before a court.

## Principle 4

**The judiciary should provide translation and interpretation facilities to court users free of charge.**

The right of an accused person to be informed of the charge against him in a language which he understands is a fundamental human right. So too is the right to have the free assistance of an interpreter if he cannot understand or speak the language used in court. Indeed, the inability of any court user to understand the languages used in court means the total lack of transparency in the proceedings as far as that person is concerned. A witness may not be able to testify, nor will it be possible in some circumstances to introduce a document in evidence, without interpretation or translation, as the case may be. It is, therefore, the responsibility of the judge or judicial administration to ensure that facilities are available in court, as required, for both interpretation and translation.

## Principle 5

**The judiciary should ensure transparency in the assignment of cases.**

Court systems vary in the procedures they utilize to assign cases to judges. In some countries, the head of the court is responsible for determining the distribution of cases. In others, case assignment is a function managed by court administrators rather than judges. A third option is the random assignment of cases, either manually or automated. Finally, case assignment may be based on informal criteria, such as long established court practices, or more formal rules and laws governing the court. Whichever model is adopted, the division of work among the judges of a court, including the distribution of cases, should ordinarily be performed under a predetermined, transparent arrangement provided by law or rules of court agreed by judges of the relevant court. Similarly, a case should not be withdrawn from a judge except for such reasons and in accordance with such procedures as are provided for by law or rules of court.

## Principle 6

**The judiciary should ensure transparency in the delivery of justice.**

Integrating justice into society requires the judicial system to open up and learn to make itself known. Subject to judicial supervision, the public, the media and court users should have reliable access to all information pertaining to judicial proceedings, both pending and concluded. Such access could be provided on a court website or through appropriate and accessible records. Such information should include reasoned judgments, pleadings, motions and evidence. Affidavits or like evidentiary documents that have not yet been admitted in evidence may be excluded. Access to court documents should not be limited to case-related material, but should also include court-related administrative information such as statistics on the caseload and case clearance rates, as well as budget-related data, e.g. collection of court fees and the use of budgetary allocations. Judges should disclose potential conflicts of interest.

## Principle 7

**The judiciary should have supervisory powers over executive detention.**

To ensure that the judicial system is not subject to unwarranted criticism for trial delays, the judiciary should be conferred by law the power to bring before court persons held in administrative or executive detention. Although this is primarily a human rights issue, it is also a way of ensuring transparency in the public perception of the administration of justice.

## Principle 8

**The judiciary should ensure that judicial decisions of the superior/appellate courts are regularly published.**

Without reliable access to laws, jurisprudence and other primary legal sources, judges, lawyers, litigants including governments are left without clear guidance on how the law should operate in any particular case or situation. The publication of judgments allows the public, the press, civil society organizations, lawyers, judges and legal scholars to scrutinize the actions of judges. Submitting judgments to public scrutiny through

publication also regularizes the application of the law, and makes judicial decisions more predictable and consistent, thus improving the quality of justice. In judicial systems where higher court decisions are binding precedents, the publication and distribution of appellate and superior court decisions is crucial in ensuring that lower court judges and governments are following the law. Even in countries where higher court decisions are merely persuasive, it is still important to ensure that judges are interpreting the applicable statutes in a consistent manner. It is desirable to create publicly available databases that store the texts of court decisions and statutes, as well as scholarly articles from law reviews and legal journals.

## Principle 9

**The judiciary should promote programmes to orientate students on the judicial process.**

The judiciary should promote and participate in school and university programmes aimed at developing an understanding of, and contributing to, the transparency of the judicial process. These may include visits to courts, classroom appearances by judges, role playing, the use of audiovisual material, and the active teaching of judicial procedures. Such programmes will contribute to avoid or correct ignorance and misapprehension about the judicial system and its operation.

## Principle 10

**The judiciary should initiate and /or support appropriate outreach programmes designed to educate the public on the role of the justice system.**

Transparency involves more than simply providing access to court proceedings and information. To achieve transparency, information must also be disseminated in a format that is easily accessible for the intended audience – especially for court users who do not have a legal background and may often have limited literacy. Publicizing information about court operations and judicial programmes to increase the quality and efficiency of justice also has beneficial effects on public confidence in the judiciary.

Judicial outreach involves proactive measures by judges and direct interaction with the communities they serve. These may include town hall meetings, the production of radio and television programmes, and the dissemination of awareness-raising materials such as court user guides. These guides, in the form of short pamphlets, may provide basic information on arrest, detention and bail, criminal and civil procedures, and useful contacts for crime victims, witnesses and other users.

Such programmes of judicial outreach and education concerning court services and procedures are useful from the perspective of both the judiciary and the court users. They help to actively engage a court in a relationship with the community, and to demystify many of the complexities surrounding the operation of a legal system and the conduct of court proceedings. Thus, by educating and involving the public in the court's work through proactive judicial outreach and communication strategies, courts can increase public confidence and strengthen respect for the rule of law in their communities.

## Principle 11

**The judiciary should afford access and appropriate assistance to the media to enable it to perform its legitimate function of informing the public about judicial proceedings, including decisions.**

It is the function and the duty of the media to gather and convey information to the public, and to report and comment, on the administration of justice, including cases, before, during and after trial, without violating the sub judice rule, the presumption of innocence, and the rights of parties to a dispute. This principle, which includes the freedom to decide which cases are to be brought to the attention of the public and how they are to be treated, and the right to criticize the organization and functioning of the justice system, should only be departed from to the extent set out in the International Covenant on Civil and Political Rights.

Media access to judicial proceedings is not a matter of simply opening doors to the courtroom and providing seats to journalists. Courts are not well served by inaccurate and sensationalist coverage of court proceedings. In fact, poor or biased media coverage can undermine public confidence in the judiciary and raise concerns with regard to judicial independence, impartiality and integrity. The training of journalists organized by, or in

cooperation with, the courts can help reduce ineffective reporting. Such training should be designed to provide them with basic knowledge about court procedures and legal issues, and thus contribute to improving journalistic skills and ethics, and building trust between judges and journalists.

Engaging the media may also require that courts actively reach out to journalists by establishing press offices within each court, to facilitate fair and balanced media coverage of judicial proceedings. These offices could liaise with media representatives, respond to and manage requests from journalists, issue press releases and generally provide accurate information about judicial decisions and legal issues. These offices could also provide schedules of upcoming cases, monitor the media for accurate reporting, and design media campaigns that promote public understanding of the judiciary.

## Principle 12

**The judiciary should assess public satisfaction with the delivery of justice, and thereby seek to promote the quality of justice.**

There are a variety of tools for measuring the level of public satisfaction with the delivery of justice. Apart from being sensitive to contributions from academia and the media, the judiciary should encourage court user feedback. An effective and impartial complaint system, regular case audits, periodic surveys of court users and other stakeholders, and discussions with court user committees, are means of reviewing public satisfaction with the delivery of justice and identifying systemic weaknesses in the judicial process, especially any that may have created “gatekeepers” seeking gratifications. However, these exercises will be meaningless if lessons are not learnt and remedial action not taken. The publication of an annual report of its activities, including any difficulties encountered and action taken to improve the functioning of the justice system, is one measure to foster public confidence in the judiciary.

# Principle 13

**There should be transparency in the appointment process of judges.**
It is generally agreed that transparency is required in the process for the selection of candidates for judicial office. In order to ensure transparency and accountability in the process, the appointment and selection criteria should be made accessible to the general public, including the qualities required from 8 candidates for high judicial office. All judicial vacancies should be advertised in such a way as to invite applications by, or nominations of, suitable candidates for appointment. That will enable procedures for judicial appointment and promotion based on merit to be opened to a pool of candidates as diverse and reflective of society as a whole as possible. Publication of the list of vacant posts and the list of candidates for those posts will also permit public scrutiny of the appointment process. While there is a diversity of methods by which judges assume office, recent international and regional initiatives are unanimous in their view that it is essential for the maintenance of the independence of the judiciary that the appointment and promotion of judges are not made by the legislature or the executive, but by an independent body such as a Council for the Judiciary, with the formal intervention of the Head of State in respect of higher appointments. Members of the judiciary and members of the community should each play appropriately defined roles in the selection of candidates suitable for judicial office. Its non-judge members may be selected from among outstanding jurists or citizens of acknowledged reputation and experience chosen by an appropriate appointment mechanism. A mixed composition avoids the perception of self interest, self protection and cronyism, and reflects the different viewpoints within society, thus providing the judiciary with an additional source of legitimacy.

# Principle 14

**The judiciary should respond to complaints of unethical conduct of judges in a transparent manner.**
It is necessary that the judiciary should not only adopt a code of conduct, but that it should also ensure that such code is widely disseminated in the community. However, a code of judicial conduct will do little to improve judicial performance and enhance public confidence if it is not enforceable.

Therefore, a mechanism in the form of a credible, independent *Judicial Ethics Review Committee* should be established to receive, inquire into, resolve and determine complaints of unethical conduct of members of the judiciary, where no provision exists for the reference of such complaints to a court. The committee so established should not be controlled by the judiciary, but must be one in which there is sufficient lay or professional representation to attract the confidence of the community. Associating persons external to the judiciary (lawyers, academics and representatives of the community) in the monitoring of ethical principles will prevent a possible perception of self-interest and self protection, and provide the essential element of transparency.

## Principle 15

**There should be transparency in the disciplinary process of judges.**

The power to discipline or remove a judge from office should be vested in an independent body (or in the Council for the Judiciary responsible for the appointment of judges), which is composed of serving or retired judges but which should include in its membership persons other than judges, provided that such other persons are not members of the legislature or the executive. Where the Head of State or the legislature is vested with the power of removal of a judge, such power should be exercised only after a recommendation to that effect of this independent body. The final decision in any proceedings instituted against a judge involving a sanction against such judge, whether held in camera or in public, should be published. The complainant, if any, should be informed of the outcome of the investigation into his

# अनुसूची ५

## पुनरावेदन तथा जिल्ला अदालतले आयोजना गरेका न्यायिक बाह्यपहुँच कार्यक्रमका नमूना प्रतिवेदनहरु (नमूना)

### (क) पुनरावेदन अदालत पाटनद्वारा आयोजित न्यायिक बाह्यपहुँच कार्यक्रमका नमूना प्रतिवेदन

पुनरावेदन अदालत पाटनको आयोजनामा मिति २०७२।५ २५ का दिन भक्तपुरको मोर्डन बोर्डिङ हाइएर सेकेण्डरी स्कुल दधिकोट भक्तपुरमा समुदायमा अदालत कार्यक्रम सवोच्च अदालतका माननीय न्यायाधीश श्री सुशिला कार्कीज्यूको प्रमुख आतिथ्यता तथा पुनरावेदन अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री शम्भु बहादुर खड्काज्यूको अध्यक्षतामा सम्पन्न भयो। सो कार्यक्रममा पुनरावेदन अदालतका माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ, सरकारी वकिल कार्यालयका सह न्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल, पुनरावेदन वारका अध्यक्ष श्री रुद्रप्रसाद पोखरेल तथा मोर्डन बोर्डिङ हाइएर सेकेण्डरी स्कुल दधिकोट भक्तपुरका प्रन्सिपल श्री  अनिल कसवाल, पुनरावेदन अदालतका रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, उप रजिष्ट्रार श्री बेद प्रसाद उप्रेती, शाखा अधिकृत श्री राधिका सुवाल, स्थानीय राजनीतिक पार्टीका प्रतिनिधिहरु, समाजसेवीहरु, स्थानीय महिला अगुवाहरु, महिला स्वयंसेविकाहरु, काठमाण्डौ स्कुल अफ ल का विद्यार्थी तथा शिक्षकहरु, मोर्डन बोर्डिङ हाइएर सेकेण्डरी स्कुल दधिकोट भक्तपुरका विद्यार्थी तथा शिक्षकहरु लगायतको उपस्थिति थियो। सो कार्यक्रम सञ्चालन पुनरावेदन अदालतका शाखा अधिकृत श्री राधिका सुवालले गर्नुभएको थियो। उप रजिष्ट्रार श्री बेद प्रसाद उप्रेतीले कार्यक्रममा सहभागीहरुलाइ स्वागत तथा कार्यक्रमको उद्देश्य माथि  प्रकाश पार्नु भएको थियो।कार्यक्रमको शुरुवातमा पुनरावेदन अदालत पाटनले अदालतको बारेमा तयार पारिएको डकुमेन्ट्री प्रश्तुत गरिएको थियो। शुरुमा राष्ट्रिय गान बजाइ कार्यक्रमको शरुवात गरिएको थियो। शुरुमै सहभागीहरुबाट अदालतका बारेमा आफूले देखेका सुनेका र भोगेका अदालतसँग सम्बन्धित राम्रा नराम्रा जे जस्ता कुराहरु छन् निर्धकताका साथ राखिदिन आग्रह गरिएको थियो।तत् पश्चात

पुनरावेदन अदालतबाट सेवाग्राहीहरुले पाउने सेवा तथा अदालतमा सो सेवा लिँदा सेवाग्राहीले तिर्नु पर्ने दस्तुरहरुको बारेमा पुनरावेदन अदालतका रजिष्ट्रार श्री नारायणप्रसाद पन्थीले प्रकाश पार्नु भएको थियो। सहभागीहरुबाट खासगरी निम्न विषयहरुमा जिज्ञासा राखिएको थियोः

१. हामीलाई अदालत र कानुन त जनताको साथी हो भन्ने कुराको अनुभूति हुने गरी यहाँहरुले बुझाउनु पर्ने अवथा छ।
२. देवानी र फौजदारी कानुनमा के फरक छ?
३. धन सम्पत्ति पहुँच शक्ति जस्ता आधारमा नभै समाजमा पिछडिएका वर्गहरुले वास्तविक रुपमा न्याय दिन र उनीहरुले न्याय पाएको अनुभूति गराउन अदालतसंग के कस्ता कार्यक्रम छन् ?
४. अदालतमा कर्मचारीहरुलाई भनसुन गर्नु पर्ने, बेञ्च दिउँसो ११।३० बजे बस्ने, १ बजे उठ्ने, ३ बजे बस्ने, ४।३० बजे उठ्ने जस्ता समस्या अदालतमा अझै पनि विद्यमान छन् त्यसलाई छिटो सम्बोधन गरिनु पर्छ।
५. त्यही कानुनको आधारमा जिल्ला अदालतमा मुद्दा जितिने, पुनरावेदन अदालतमा मुद्दा हारिने, सर्वोच्च अदालतमा पुनः जितिने गरी किन फरक फरक निर्णय हुन्छ ?
६. न्यायालयमा भएको फैसलाको नक्कल लिन पनि अतिरिक्त दस्तुर नतिरी लिन पाईन्न।
७. न्यायालयले राजनीतिक मुद्दामा हात हालेर विवाद आएको छ भनिन्छ के कसो हो ?
८. अदालतमा भ्रष्टाचारका कुरा पत्रपत्रिका र बाहिर फेर पनि सुन्न र पढ्न पाईन्छ के कसो हो ?
९. बाजेको पालाको मुद्दा नातिको पालासम्म चलेर अदालत धाउँदा धाउँदै समाप्त हुने परिस्थितिको अन्त होस्।
१०. यस्ता कार्यक्रम गर्दा पिछडिका वर्ग र महिलाको समेत उचित प्रतिनिधित्व हुने गरी सहभागिता गराएर गर्न सकेमा ती वर्गहरुको पनि न्यायमा पहुँचको लागि सहज र राम्रो हुन्थ्यो।

११. लामो समय देखि सेवारत महिला स्वयंसेविकाको स्थायी हुने कानुन नभएकोले यसमा के गर्न सकिन्छ ?
१२. मानिस कुनै मुद्दामा जेल परेर पछि सफाई पायो भने जेल बसे वापतको क्षतिपूर्ति दिने कानुन छ कि छैन र छ भने कहाँबाट के कसरी कति क्षतिपूर्ति पाईन्छ ?

यी जिज्ञासाहरुको बारेमा प्रकाश पार्दै पुनरावेदन अदालतका माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठले अदालती काम कारवाही सम्पूर्ण रुपमा हामीले सोचे जस्तो नभै त्यसका पनि आफ्नै सीमा र बाध्यताहरु भएको, जनताले सोचे जस्तो हरेक कुरा अदालत आफैले गर्ने नभै विधायिकाले बनाई दिएको कानुनको आधारमा न्याय सम्पादन गर्नु पर्ने, अनुसन्धान अधिकारीले गरेको अनुसन्धानका आधारमा मुद्दमा निर्णयमा पुग्नु पर्ने, सधै र सबै अवस्थामा अनुसन्धान समेत हामीले चाहे अनुकुलको नहुने, कानुन एकातिर जनभावना अर्कोतिर भै दिँदा कानुन बमोजिम न्या सम्पादन भएको अवस्थामा पनि वास्तविक कानुन र जन अपेक्षा बीचको तालमेल नभएको कारणले त्यसको दोष अदालतले लिनुपर्ने अवस्था श्रृजना हुने गरेको, कतिपय अवस्थामा ब्यक्तिको घटनाको बुझाईमा हुने भिन्नताको कारणले समेत निर्णयमा फरक पर्न सक्ने भनी हरेक विषयमा उदाहरण रहित सहभागीहरुको जिज्ञासाको बारेमा प्रष्ट पार्नु भएको थियो। त्यसै गरी वहाँले धेरै जसो अदालती कामकारवाहीमा समुदायको सहयोग नभै निष्पक्ष, स्वतन्त्र र गुणस्तरीय न्याय प्रदान गर्न नसकिने हुन्छ भनी सरकारी मुद्दामा शुरुको सरजमिन मुचुल्का लगायतका कुरा र त्यस्ता मुद्दामा साक्षीको मत्वका बारेमा समेत प्रकाश पार्नु भएको थियो।

कार्यक्रमको समापनमा सर्वसाधारणको तर्फबाट बोल्दै रामेश्वर न्यौपानेले अदालती प्रक्रिया र न्यायको बारेमा जनतामाझ आएर प्रकाश पारिदिएको र सो बाट स्थानीय जनता धेरै लाभान्वित भएको विचार राख्नुभएको थियो। त्यसै गरी विद्यालयका प्रचार्य श्री अनिल कसवालले कक्षा ९ र १० सामाजिक अध्ययनमा केही कुरा उल्लेख भएकोमा बाहेक कानुनी क्षेत्र नै आफ्नो ब्यवसायको क्षेत्र मानी कार्य गर्नेले मात्र यस विषयमा जानकार हुने मौका पाएको तर सर्वसाधारणले यस्तो मौका नपाएबाट नै वास्तविकताः यथार्थता र मान्छेको सोचाई बीचको भिन्नता भएको कुरा आजको कार्यक्रमबाट प्रष्ट

भैसकेको छ। अदालती प्रक्रिया,न्यायप्रणाली र न्याय सम्बन्धी अन्य समसामयिक कुराका बारेमा अदालत समुदायमा नै गै समुदायलाई जानकारी दिने यो कार्यक्रम अत्यन्त प्रभावकारी रहेको विचार ब्यक्त गर्नुभयो। कार्यक्रमा कानुन ब्यवसायीको प्रतिनिधित्व गरिरहनु भएका पुनरावेदन वार एशोसियसन पाटनका अध्यक्ष श्री रुद्रप्रसाद पोखरेलले माननीय श्री तिल प्रसाद श्रेष्ठको प्रश्तुति अति विश्तृत भएकोले थप केही भनिरहनु नपर्ने विचार राख्दै अदालतमा ढिलासुस्ती छँदैछैन बरु हतारमा निर्णय होला कि भन्ने वारको चिन्ता छ भन्नुभयो। न्याय महँगो छ भन्ने सन्दर्भमा असक्षम पक्षलाई वैतनिक कानुन ब्यवसायी र कानुनी सहायताको सुविधा प्राप्त भएको र प्रतिनिधित्व बिना मुद्दा नछिनिने र यस्ता कानुन ब्यवसायीले प्रतिनिधित्व गरेका मुद्दामा समेत पक्षले जितेका प्रशस्त उदाहरण भएकोले न्याय महँगो भन्न मिल्ने अवस्था छैन भन्ने विचार ब्यक्त गर्नुभयो। त्यसै गरी वहाँले न्याय बिक्रि हुन्छ कि हुँदैन भन्ने अहं प्रश्न समेत सहभागीहरुबाट उठेको सन्दर्भमा स्कुलका विद्यार्थी एउटा चरित्रवान भएन भन्दैमा सबैलाई दोष दिन मिल्दैन,त्यसै गरी न्यायक्षेत्रमा पनि यदाकदा छिटपुट हुने अपवादात्मक कुरालाई लिएर सामान्यीकरण गरिनु ठिक होईन। न्यायाधीश पनि कुनै ईश्वरीय शक्ति र गुण लिएको ब्यक्ति नभै समाजकै उपज भएकोले समाजको प्रतिविम्ब झल्किन सक्छ। हाम्रो (Expectation) र कानुनको तादाम्यतम बीचको अन्तर हुनसक्छ। न्यायाधीशले कानुनको प्रयोग गर्ने हो न कि हाम्रो (Expectation) को। त्यसैले न्यायाधीश कहिले पनि कानुन भन्दा बाहिर गएर निर्णय गर्न सक्दैन। यस कारणले न्यायपालिकाका सन्दर्भमा आएका सबै कुराहरु सत्य होईनन्। सो कार्यक्रमा बोल्दै पुनरावेदन सरकारी वकिल कार्यालयका सह न्यायाधिक्ता श्री नारायणप्रसाद पौडेलले कानुन प्रणाली, फौजदारी न्यायप्रणाली र न्यायप्रणाली भन्ने कुरा फरक फरक रहेको कुरा राख्दै कानुन प्रणालीले समग्र कुरालाई सम्बोधन गर्ने, न्याय प्रणालीले अदालती प्रक्रिया र फौजदारी न्याय प्रणालीले सरकारी पक्षले अनुसन्धान तहकीकात गरी सरकार पक्ष भै चल्ने मुद्दा सम्बन्धी विषय सो संग सम्बन्धित कानुन तथा तत् सम्बन्धी संगठन संरचना लगायतका कुरालाई ईङ्गित गर्दछ। यस्ता कार्यक्रममा प्रहरीको उपस्थिति भएमा राम्रो हुने विचार ब्यक्त गर्नुभयो।

प्रमुख अतिथीको रुपमा पाल्नु भएकी सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सुशिला कार्कीले माग नै प्रष्ट नभएको मुद्दा हेरेको र सर्वोच्च अदालतमा गत महिना ११ जना न्यायाधीशले १७०० मुद्दा छिनेको प्रसंग उल्लेख गर्दै सबैका आ(आफ्नै मर्म हुने र सबैले मिलेर कर्तब्य पथमा हिँड्यौ भने सबैले लक्ष्य प्राप्ति गर्न सकिन्छ, न्याय सम्पादन हामी सबैको लक्ष्य हो त्यसको लागी एउटा कुरा ठीक भएर पुग्दैन, सबैले एकजुट भएर आफ्नो आफ्नो काम गर्नैपर्छ भन्नुभयो। लैङ्गिक न्यायको प्रसंगमा उहाँले न्यायाधीशहरु यस विषयमा बढी सजग भएको तर तलै देखि बिग्रिएको कुरा एकाएक माथिबाट सुध्रिन नसक्ने तथा समाजको साथ नभएमा अदालती निर्णयले मात्रै नपुग्ने विचार ब्यक्त गर्नुभयो।कामलाई सानो ठुलो मान्ने प्रवृत्ति नै हाम्रो प्रगतिको वाधक हो साथै महिलाका समस्यामा महिलाले नै साथ नदिएमा समस्याको समाधान निकाल्न नसकिने कुरा पनि उहाँले राख्नुभयो।

कार्यक्रमको अध्यक्षता गरिरहनु भएका पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीश श्री शम्भुबहादुर खड्काले समापन बक्तब्य दिँदै अदालतले गत बर्ष ललितपुरको लामाटार यस्तै कार्यक्रम गरेको प्रसंग उल्लेख गर्नुभयो। विद्यालय ब्यवस्थापनको सहयोग र सहभागीहरुको सक्रिय सहभागिताले कार्यक्रम सफल भएको कुरा उल्लेख गर्दै वहाँले अदालतले आफै सक्रिय भै सहयोग नगरी विवाद लिएर गएको विषयमा मात्रै निर्णय गर्ने भएकोले सहभागीहरु आफु तथा आफ्ना वरपरका छरछिमेकमा निम्न सन्देश लिएर जान समेत आग्रह गर्नुभयो।

- मर्का पर्ने ब्यक्ति वा अधवकार हनन भएकाहरु समय मै उपचारको लागि प्रक्रियामा जानुस्।
- गरीव र असहायले पनि न्याय पाउने ब्यवस्था छ भनी जानकारी दिनुहोस्। पैसा र गरिबीका कारणले अन्याय सहेर बस्नु पर्दैन।
- अदालत सकेसम्म छिटो छरितो न्याय निरोपण गर्न प्रतिबद्ध छ। अदालतको बार्षिक कार्ययोजना छ उसले कति समयमा कति मुद्दा छिन्ने सो कार्ययोजनामा उल्लेख गरेको छ।पुनरावेदन अदालत पाटने अघिल्लो बर्ष ५३ प्रतिशत् मुद्दा छिनेको कुरा सुनाउनुहोस्।
- बाजेको पालाको मुद्दा नातिको पालासम्म रहने कुरा यथार्थ होईन। सो कुरा आफुले बुझ्नुहोस् र अरुलाई बुझाईदिनुहोस्।

- अदालतले सेवाग्राहीलाई उच्च मर्यादामा राखेको छ, सकेसम्म भौतिक सुविधा समेत दिन अदालत भरमग्दुर कोशिश गरिरहेको छ।
- जनताका आफूसंग सम्बन्धित गुनासा लगायत सबै कुराको सम्बोधन गर्न सधै र सबै अवस्थामा अदालत तयार छ भन्ने कुरा बुझिदिनोस् र अरुलाई पनि बुझाई दिनुहोस्।

अन्तमा वहाँले प्रमुख अतिथीको रुपमा उपस्थित भै कार्यकर्मको शोभा बढाई दिनु भएको तथा सारगर्भित सम्बोधन गरिदिनुभएकोमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सुशिला कार्कीज्यू प्रति आभार प्रकट गर्नुभयो। त्यसै गरी वहाँले विद्यालय ब्यवस्थापन समिति, विद्यालयका शिक्षक तथा विद्यार्थीहरु, सहभागीहरु लगायत सबैलाई धन्यवाद दिई कार्यक्रमको समापन गर्नु भएको थियो।

## (ख) ललितपुर जिल्ला अदालतद्वारा आयोजित न्यायिक बाह्यपहुँच कार्यक्रमको नमूना प्रतिवेदन

आज मिति २०७२।६।१६।७ शनिवार पुर्वान्ह ११ बजे ललितपुर जिल्ला, बज्रबराही न.पा. ३ झरूवारासी स्थित सन्तानेश्वर महादेव वचत तथा ऋण सहकारी संस्था लि. को प्राङ्गणमा ललितपुर जिल्ला अदालतको वार्षिक कार्ययोजना (२०७२/०७३) अनुसार सञ्चालन भएको समुदायमा अदालत (Judicial Outreach) कार्यक्रममा न्याय, कानून एवं अदालत प्रति जनताको भावना र बुझाई लगायत विविध विषयमा छलफल/अन्तरक्रिया कार्यक्रम सुसम्पन्न भयो। उक्त कार्यक्रममा विद्यार्थी, पत्रकार, महिला र सहकारी संस्थाका पदाधिकारी, ललितपुर जिल्ला अदालतका माननीय न्यायाधीशहरू, श्रेस्तेदार, तहसिलदार, शाखा अधिकृत र अन्य कर्मचारी एवं ललितपुर जिल्लाका बारका अध्यक्ष, सचिव लगायत ७१ जना भन्दा बढी सहभागीहरूको उपस्थिति रहेको थियो।

माननीय जिल्ला न्यायाधीश श्री राजेन्द्र खरेलज्यूको अध्यक्षतामा सञ्चालन भएको सो कार्यक्रममा मा.न्या. श्री रमेश प्रसाद ज्ञवालीज्यूबाट कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो। वहाँले "प्रत्येक अदालतले आफ्नो आन्तरिक कार्ययोजना निर्माण गर्ने सन्दर्भमा आज हामी यो कार्यक्रम लिएर

तपाईहरू सामु आएका छौं। हिजोको दिनमा यस्तो कार्यक्रम गर्ने चलन थिएन। हामीले यसको सुरुवात गरेका छौं। न्यायिक प्रकृया र अदालतका बारेमा समुदायलाई सूचना प्रवाह गर्नु यो कार्यक्रमको उद्देश्य हो" भन्नु भयो। त्यसैगरी मा.न्या. श्री भोलानाथ ढकालज्यूले समेत उक्त कार्यक्रममा सम्बोधन गर्नु भएको थियो।

कार्यक्रममा मा.न्या. श्री राजेन्द्र खरेलज्यूबाट "अदालतबारे समुदायसँग अन्तरसम्बन्ध" विषयमा सरल भाषामा प्रस्तुत गर्दै" अदालतको स्थापना न्यायको लागि हो, अन्याय पऱ्यो भने जाने ठाउँ अदालत नै हो। हामी न्यायाधीश भनेको जनता नै हौं। अदालतले प्रमाणको आधारमा फैसला गर्छ। समग्रमा अदालत नराम्रो हुन सक्दैन भन्नु भयो।" साथै अदालतका तह, अदालती कार्यविधि, अदालत प्रति सर्वसाधारणको बुझाई, अदालतबाट प्रदान गरिने सेवा र समुदायसँग अदालतले गरेको अपेक्षा जस्ता विषयवस्तुहरूमा विस्तृत प्रकास पार्नु भयो।

श्रेस्तेदार श्री बाबुराम दाहालबाट सञ्चालन भएको उक्त कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै उहाँले सबै सहभागीलाई आफ्नो छोटो परिचय दिन समेत अनुरोध गर्नुभएको थियो।

कार्यक्रममा सहभागीको भनाइ यस्तो रह्यो।

१. **मनोज विष्ट** — अंश मुद्दामा ६० दिन (म्याद) भित्र प्रतिवादी उपस्थित भएन भने के हुन्छ ? ललितपुर जिल्ला अदालतबाट मेरो बुबा र काका बीच अंश मुद्दामा फैसला भएको छ तर अंश पाउने काका घरमा अहिले हुनु हुन्न कसरी अब वण्डा छुट्याउने ?
२. **तारा नेपाली** — २ जना श्रीमति भएकोमा जेठीले सबै सम्पत्ति विक्री गरेको अवस्थामा कान्छी श्रीमतिले सो सम्पत्ति फिर्ता गराउन के गर्नुपर्छ?
३. **चम्पा कार्की** — बाहिर समाचारमा आउन नसकेको घरेलु हिंसाको समस्याको समाधान कसरी हुन्छ ?
४. **नाम उल्लेख नभएको** — मानव बेचविखन र महिला हिंसाको मुद्दामा ललितपुर जिल्ला अदालतले कस्तो कारवाही गर्ने गर्छ ?
५. **सानुमाया के.सी.** — हाम्रो सहकारी लि. को यो भवनको नक्सामा ५-६ फिटको बाटो छ भनिन्छ तर अहिले बाटोमा बाँसले घेरिएको छ। बाटो साँघुरो बनाइएको छ ? कसरी यो समस्या समाधान गर्ने ?

६. **राम नेपाली** — अदालतको नीति नियम/योजना राम्रो लाग्यो। मुद्दा फैसला हुँदा समय तोकिएको हुँदो रहेछ। ललितपुर जिल्ला अदालतको काम कारवाही राम्रो लाग्यो।

७. **इलिजा तामाङ (विद्यार्थी)** —न्यायपालिकाको Sector मा Boys हरू छन् भने Ladies को संख्या कति छ ?

८. **हरी पुर्कोटी** — भुकम्प पीडितलाई जग्गा वा ५० हजार दिने सरकारले भनेको छ तर अहिलेसम्म त्यो पाइएको छैन ? कसरी पाउन सकिन्छ? जग्गाधनीले यदि (मोहीको) जग्गा छुट्याउन चाहेन भने मोहीले जग्गा कसरी पाउन सक्छ ?

९. **सजनी विष्ट** — Rape गर्नेलाई जीवनभर कडाभन्दा कडा सजाय वा मृत्युदण्ड नै दिनुपर्‍यो ?

१०. **सिता के.सी.** — मोहीको मृत्युपछि मोहीयानीहक निजको भाई/भतिजमा जान्छ, जाँदैन ?

११. **सानुमैया के.सी.** — कार्यक्रम फलदायी लाग्यो। एकदिन अवस्य न्याय पाइन्छ। अन्याय सहनु पाप हो। कार्यक्रम आयोजकलाई धन्यवाद छ।

१२. **शशि खड्का** — न्याय कानून भनेको के हो ? यस बारे थाहा पायौं। ललितपुर जिल्ला अदालतबाट उपलब्ध सेवा बारे राम्ररी थाहा पाइयो। आयोजकलाई धन्यवाद छ।

१३. **अधिवक्ता प्रकाश महर्जन (बार अध्यक्ष)** — अदालत जनताको माझमा जानुपर्छ। सार्वभौमसत्ता जनतामा निहित रहेको छ भन्ने व्यवस्था संविधानमा रहेको छ। बार भनेको वकिलको संस्था हो। अदालत परिवारलाई धन्यवाद छ।

कार्यक्रमको अन्त्यमा मा.न्या.श्री राजेन्द्र खरेलज्यूबाट सम्पूर्ण सहभागीहरुले उठाउनु भएको जिज्ञासालाई सम्वोधन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो।

**रिपोर्टर**
शिव कुमार पोखरेल
मिति २०७२।६।१७

**(ग) ललितपुर जिल्ला अदालतद्वारा आयोजित न्यायिक बाह्यपहुँच कार्यक्रमको नमूना प्रतिवेदन**

आज मिति २०७२।८।२६ गते शनिवार दिनको ११:०० बजे ललितपुर जिल्ला गोटीखेल गा.वि.स. स्थित महाकाल उच्च मा.वि. को प्राङ्गणमा ललितपुर जिल्ला अदालतको वार्षिक कार्ययोजना (२०७२/०७३) बमोजिम सञ्चालन भएको समुदायमा अदालत (Judicial Outreach) कार्यक्रममा न्याय र अदालत प्रति जनताको भावना र बुझाई लगायतका विविध विषयमा छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन भयो।

सो कार्यक्रममा विद्यार्थी, पत्रकार, महिला तथा शिक्षकहरू, ललितपुर जिल्ला अदालतका माननीय न्यायाधीशहरू, श्रेस्तेदार, तहसिलदार, शाखा अधिकृत र अन्य कर्मचारी, समाजमा लब्ध प्रतिष्ठित व्यक्तिहरू तथा ललितपुर जिल्ला बारका अध्यक्ष, सचिव लगायत १२६ जना भन्दा बढी सहभागीहरूको उपस्थिति रहेको थियो।

महांकाल उच्च मा.वि. का प्राचार्य श्री केशव प्रसाद घिमिरेज्यूको अध्यक्षतामा सञ्चालन भएको सो कार्यक्रममा मा.न्या. श्री रमेश प्रसाद ज्ञवाली ज्यूबाट कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्नु भयो। वहाँले "आज हामी अदालतको कार्य योजनाको कार्यान्वयनको सन्दर्भमा तपाईहरू समक्ष आएका छौं। न्यायिक प्रकृया र अदालतको बारेमा समुदायलाई जानकारी दिनु अर्थात सूचना प्रवाह गर्नु नै यो कार्यक्रमको उद्देश्य हो" भन्नु भयो। कार्यक्रममा मा.न्या. श्री गायत्री प्रसाद रेग्मीज्यूबाट "अदालत जनता सामु आएको छ, अदालतले गरेको राम्रो कामको बारेमा जनतालाई जानकारी दिन सकेको छैनौं। अदालत प्रतिको नकरात्मक धारणा र भ्रम चिर्न जरूरी छ।" भन्नु भयो।

तत् पश्चात् कार्यक्रममा मा.न्या. श्री राजेन्द्र खरेलज्यूबाट "अदालत बारे समुदायसँग अन्तरसम्बन्ध" विषयमा गर्दै भन्नु भयो "अदालतको स्थापना न्यायको लागि हो, अदालतले अन्यायमा परेकोलाई न्याय दिन्छ। राजनीतिक दवावमा परेर अदालतले फैसला गर्दैन। अदालत प्रति नकरात्मक धारणा बनाउनु उचित हुँदैन। साथै अदालतका तह अदालती कार्यविधि अदालतप्रति जनताको सकारात्मक र नकारात्मक बुझाई, अदालतबाट प्रदान गरिने सेवा, अदालतमा रहने शाखा र कर्मचारी लगायतका विषयवस्तुमा समेत विस्तृत प्रकास पार्ने

जमर्को गर्नुभयो। तत् पश्चात् करिव १ घण्टा सहभागीहरूसँग अन्तरक्रिया गरिएको थियो। सो क्रममा श्रेस्तेदार श्री बाबुराम दाहालबाट सञ्चालन भएको उक्त कार्यक्रममा सहभागीहरूलाई हार्दिक स्वागत गर्दै उहाँले उपस्थित सबै सहभागीलाई आफ्नो परिचय सहित जिज्ञासा राख्न अनुरोध गर्नु भएको थियो।

विषयवस्तु उपरको छलफल सत्रको अध्यक्षता मा.न्या. श्री राजेन्द्र खरेलज्यूबाट भएको थियो। उहाँले सहभागीको जिज्ञासालाई सम्बोधन गर्दै भन्नुभयो "न्यायाधीश आफ्नो कार्य सम्पादन गर्न स्वतन्त्र छ। अमूक व्यक्तिको दवावमा परेर न्यायधीशले कार्य सम्पादन गर्दैन। तुलनात्मक रुपमा दक्षिण एसियाको न्यायालय भन्दा यहाँ नेपालको न्यायालयवाट फैसला चाडो हुने गरेको छ"। त्यस्तै उक्त कार्यक्रमको समापन सत्रमा सहभागीको तर्फबाट (छात्रा) सुश्री दिपा बजगाईले "आयोजकलाई धन्यवाद दिँदै भन्नुभयो **"अदालतको सेवा राम्रो लाग्यो, भिडियो मार्फत कार्यक्रम देख्न पाउँदा खुशी लाग्यो, अदालतबाट हुने न्याय छिटो छरितो होस्, कार्यक्रमले अदालत प्रति हाम्रो विचारलाई सकारात्मक बनाएको छ"**। "ललितपुर बारका अध्यक्ष श्री प्रकाश महर्जनले "अदालत र वकील समाजका अभिन्न अंग हुन्। अदालतलाई बाहिरबाट नकारात्मक रुपमा सोच्ने कुरा गलत छ, आज अदालतका न्यायाधीशहरू जनताको माझमा उभिएका छन्, यो सकारात्मक कुरा हो" भन्नु भयो।

<u>कार्यक्रममा सहभागीको भनाइ यस्तो रह्योः-</u>

**ऋषीदेव फुयालः-** ललितपुर जिल्लाका १९ वटा गा.वि.स. मा सचिवलाई अहिले सम्म भेट्न सकेको छैन, हामी अति पिछडीएको ठाउँमा छौं, कानूनको पढाइ कहाँ हुन्छ, लेखापढीको प्रमाण पत्र कहाँवाट पाइन्छ जानकारी पाए हुन्थ्यो ?

**गगाराम तिमिल्सिनाः-** नजिर के हो ? नजिरको मान्यतावारे वताइदिनुहोस्।

**रविन दूलालः-** अदालतले फैसला कार्यान्वयन गर्दा यती दिन भित्र हुन्छ भनी भन्न सक्छ सक्दैन ?

**विमला घिमिरेः-** महिलाहरु श्रीमानवाट पीडित छन्।कैयौं महिला महिला हिंसावाट मारिएका छन्,पीडित महिलाले न्याय पाउदैन किन रु के अदालतले राजनितीक दवावमा परी फैसला गर्छ ?

**शर्मीला परियारः-** यो कार्यक्रम राम्रो छ राम्रो न्याय दिनुहोला भन्ने आशा छ।

**पुरुषोत्तम तिमल्सेनाः-** यस्तो कार्यक्रम हेर्दा खुशी लाग्यो भरसक वकिल समक्ष जान नपरोस् अन्याय भए अदालत समक्ष न्याय माग्न जान अनुरोध गर्दछु।

**वलराम घिमिरेः-** गोटिखेल स्थित सरकारी कार्यालयमा कर्मचारीहरुको अनुपस्थितीले गर्दा समूदायलाई सरकारले दिनु पर्ने सूविधा पाउन सकेको छैन। भूकम्पको पीडावाट पाउनुपर्ने औषधी अझै उपलव्ध हुन सकेको छैन।

कार्यक्रमको अन्त्यमा प्राचार्य श्री केशव प्रसाद घिमिरे ज्यूले ‘‘ललितपुर जिल्लाको गोटिखेल गा.वि.स. जस्तो विकट क्षेत्रमा आएर यस्तो कार्यक्रम आयोजना गर्नु भएकोमा धन्यवाद छ। भविश्यमा ललितपुर जिल्लाको १९ वटा गा.वि.स. मा समेत यस्तो कार्यक्रम आयोजना गरिदिनुहोस् यो कार्यक्रम सवैको लागी जानकारी मुलक छ’’ भन्नुभयो र उक्त कार्यक्रमको औपचारीक रुपमा समाप्त भएको घोषणा समेत गर्नु भएको थियो।

<u>रिपोर्टर</u>
शिव कुमार पोखेल
शाखा अधिकृत
(अनुसन्धान तथा योजना शाखा)
२०७२/०८/२७

## सन्दर्भ सामग्री


### इन्टरनेट सामग्रीहरू

- http://news.nasje.org/2013/03/28/public-outreach-and-judicial-education/
- https://www.ajs.org/
- http://www.courts.state.hi.us/outreach/community_outreach.html
- https://www.ncjrs.gov/pdffiles1/ojjdp/grants/238792.pdf
- http://www.dnaindia.com/pune/report-justice-on-wheels-on-your-doorsteps-1858837
- http://philja.judiciary.gov.ph/archives/chancellor2ndQ2013.html
- http://www.tned.uscourts.gov/docs/outreach_brochure.pdf
- http://www.alameda.courts.ca.gov/Pages.aspx/Court-Community-Outreach-Programs
- http://www.icc-cpi.int/en_menus/icc/structure%20of%20the%20court/outreach/Pages/outreach.aspx
- http://www.icc-cpi.int/NR/rdonlyres/FB4C75CF-FD15-4B06-B1E3-E22618FB404C/185051/ICCASP512_English1.pdf

### राष्ट्रिय कानूनी संरचना

- नेपालको अन्तरिम संविधान, २०६३
- न्यायपालिकाको तेश्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२ देखि २०७५/०७६
- अदालत सम्बन्धी नियमावलीहरू

### अन्तर्राष्ट्रिय प्रतिवेदन

- The Istanbul Declaration on Transparency in the Judicial Process - Istanbul November 20- 22, 2013 (Principles - 9 and 12)

### प्रकाशन, प्रतिवेदन

- न्यायिक बाह्यपहुँच कार्यक्रमको अवधारणा, २०७१ रा.न्या. प्र
- अदालत सम्बन्धी सामान्य जानकारी, २०७१ रा.न्या. प्रन्यायिक बाह्यपहुँच कार्यक्रमको प्रशिक्षक प्रशिक्षण पुस्तिका, २०७२ रा.न्या. प्र

- न्यायिक बाह्यपहुँच कार्यक्रम सञ्चालन मार्ग निर्देशिका, २०७२ रा.न्या.प्र
- Shreekrishna Mulmi and Ratna Kaji Shrestha, Judicial Community Outreach Program in Nepal: Enhancing Public Trust towards Judiciary and Promoting Access to Justice, NJA Law Journal, National Judicial Academy, 2012, Kathmandu Nepal

प्रकाशन संख्या ७७


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं. : ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email : info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिस :

हरिहरभवन, ललितपुर

फोन नं. ९७७-१-५५३७५१६/५५४९०५७